Chobbar. It is today the "Magha purnamasi", I know it too late to spate the beliefs of my escort. In entering the field that separates the Residence from the town I suddenly hear from I know not where, muffled symphonies and supressed choruses and guess through the dense mist procession of phantoms. It is the feast of the full Moon. The cold is intense and the Nevars little affected by cold yet cover their faces like Musulman ladies. And yet the pious Brahmans are there, stark naked at the fountains at the washing-places on the banks of the Bagmati, accomplishing with a minute punctuality all the detail of the rites ; signs (aspersions) meditations, etc. All those vague forms I cross carry in their hands brass trays on which are carefully arranged offerings of flowers and perfumes ; the temples bells peal, the holy images have already the forehead adorned with a real hump of sandal wood or of red lead and on the foreheads of the faithful the remains of the offerings trace quite fresh lines in white, yellow and red. At the temple of Laksmi Narayan on the Bagmati the yogis grouped around their chapel (each brotherhood has its dharmasala, its chapel, its courtyard, its ghat, its water, its banner ; Vairagis, Sadhus, Sannyasis, etc) make an infernal din; some beat the drum, others shake the cymbals, another blows the trumpet ; another proceeds to burn incense at the four corners of the platform.

Chobbar is to the South of Kathmandu on a rounded mamelon with rugged and steep slopes ; the Bagmati to force an outlet has forcibly separated the mamelon from mount Phulchok and has cut herself a deep gorge whence it flows out towards the South. At the opening of the gorge there rises the temple of Bighna-Binak (Vighna Vinayaka), otherwise called Ganeca one of the four doubly-holy temples of Vinayaka in Nepal. The actual temple is entirely modern, of Nepalese style without any character ; Ganeca is covered with veil that discloses only the forehead of the god to the adoration of the faithful who come to anoint him. On top of the mamelon, undoubtedly commanding a beautiful view of Kathmandu in the North, Patan in the East, Bhatgaon in the North East ; and Kirtipur in the West (but the still badly scattered mist has prevented me from seing anything) ; the old bihar of Chobahal in the centre of the courtyard at the usual place of the caitya, there stands a temple of Mahadeva of Hindu style with colonnades and vimanas. The sanctuary of cakyamuni instead of being simply inserted in the periphery of the vihara forms here a temple having its appropriate development in Nepalese style, a curious feature is the abundance of copper utensils, vases, pots, plates, frying-pans, all hanging in the temple from top to bottom. Inan adjoining courtyard there rises a stela corroded by time but on which there still appears the remains of ancient letters. I return through the fields and this time under a strong sun, by the Pulchu-Bihar erected on a small hillock to the west of Patan and very close to the town. It is to this bihar that belongs the four stupas of Acoka built at the west of the town, but the stupa is fairly distant. In the bihar itself I find nothing and caitya of plaster and brick erected in front of the bihar fall in ruins.

In returning to Kathmandu, I find the streets lined with a row of spectators like during our Lent days. The women have attired themselves in immoderate sized skirts that swell up like ballons. They are waiting for the passing of the Magha-Yatra. And I shall see her also. In town yesterday's rain

marinaded the filth all along the causeways and in the crush of the crowd the stink is intolerable. Fortunately it suffices for the mukhya in order to open me a passage, to shout: Ho, Sahib Pundit and the ranks open out. I manage to settle myself on a terrace facing the temple of Annapurna and at that very moment I become myself the Yatra, the spectacle, the universal object in view. A group of Brahmans approaches me, begins the conversation in Sanscrit and an amiable debate opens to which the crowd listens with amusement. Here is the procession, naked children carrying sticks crowned with large balls bristling with gilded straw, most probably the sun. Above this are oranges. In the palanquins, naked lads also sitting hand on their knees they carry lamps burning incense. On a large platform stands a young boy daubed with green and garbed in spangled tinsel, with the eyes encircled in dark rings, motionless and grave. He represents Rama. On his left we see a delicious Sita, an ideal type of childish beauty, the eyes in ecstasy. Facing them a nude boy, elegant and harmonious like an ancient work of sculptures has a bow slung over the shoulder. He represents Laksmana. With the large naked sword he holds in his hand, he cuts off the nose to an ugly looking giant doll its hair dishevelled and falling with the face of a bird of prey. This is Curpanakha. Then on another moving platform stands Hiranya kacipa with a wild boars face who winds red threads symbolizing his torn entrails, whilst facing him a motionless child, with hands joined represents Prahlada. And then it is a crowd of small chapels and small statues carrid on stretchers and choruses consisting of men, children, vinas, trumpets, flutes and drums. The whole ceremony was well over, when my friend Deb Sham Sher presents himself to the acclamations of the populace. He sees me gives the order to make room for me and the terrace on which I stand is emptied in a moment.

We began to talk and pray on what ? On my manuscripts. He intends to send me five for examination and he will be pleased to give me and the French Republic any one of them I may choose.

Monday 7th February- I saw today a few things strangely expressive. I visited Budhnath to the E. N. E. of Kathmandu between the Bagmati and Mount Sivapuri, not far from Pashupati. Budhnath is the largest of the Buddhistic stupas of Nepal, larger than the four great stupas of Acoka in Patan. The circular base of plastered bricks is all along opened with regular niches wherein are fixed vertical bars around which turn prayer boxes bearing inscribed: Om Mani Padme hum. Four circular terraces of bricks graduate from the base to the hemisphere of the stupa ; the stupa is crowned with a king of rectangular bell-turret on which are painted on each side two large eyes and the edifice ends with a red canopy supported by copper rods. All round the stupa tracing an irregular rectangle stand one storeyed houses wherein reside a few Nevars but these houses especially serve as a shelter to the Tibetan pilgrims. Budhnath is the sanctuary of the Tibetans ; The Vamcavali attributes its construction to Mana deva but the relics that are deposited thither are those of a Tibetan saint. A lama dwells thither and performs thither his ceremonies. Budhnath is without contradiction the headquarters of human putrefaction. The ground is made of dung and the Tibetans swarm thither, spreading far and wide a stink of grease enough to disgust sheep a smell of he-goat enough to chase away the she-goats, disclosing between the

part-opening of their filthy tatters, oily skins that have never soiled water.

Prohibition to enter in the precinct of the stupa ; I can see my Pundit, my mukhya and the coolies who are Buddhists, exploring the terraces and I settle myself to take a photograph. The mukhya and the Pundit rejoin me, they found two inscriptions ancient in appearance but in the Bhotya dialect. Granted for Bhotya. And the stamping was taken. This time the sepoy, excellent "impression taker" accompanies the Pundit and the mukhya remains with me. A Gurkha constable comes to assist him and it is not an easy task, because the ignorant Bhotyas suffocate me with their greasy pusking and place themselves against the very camera shutter. All this mechanism puzzles them and one of them addresses me : Buddhavatara ; another humbly offers me a pice to make me puja. I must submit myself to the indiscreet worshippings of this horde who touches alas with veneration my sleeves an my trousers. I even fell myself touched on the hand. It is a Lama from Darjeeling, he wears mittens. Does he conceal some sort of leprosy ? As a fellow-member he does not release me striving to convince me that there are no inscriptions here below or above the ground. Give me back Kathmandu the town of stenches, because one can still breathe there a little. At last my mukhya and his colleague decided to release me in Gurkha fashion. They swing their fists on all sides but suddenly a giant beast of a Tibetan springs forward with his chest half bare and his head encricled with long hair. He raises his arm like a club on the mukhya : Hear you Gurkha. And the ferocious Gurkha before whom India trembles, the eventual invader of India should England disappear, becomes very small and knuckles under.

My photograph taken, I assist to a Tibetan spectacle. A tall old man strangely resembling to the statues of Homer, draped in a tunic that discloses his arm and left shoulder, grates with a bow shaped fiddle-stick a three stringed manodoline and sings God knows what. Two young Tibetan beauties accompany him two jolly girls with quite flat faces and rosy cheeks and uneven teeth the head encircled with a disc in which are set all kinds of red, blue and green stones the hair astonishingly dark and more greasy than black plaited into two tight and straight tresses that stick on each shoulder, they pull down and cause to tremble between their fingeres the facing of their large sleeves. Silver chains adorn their waist. The old man and the two nautch-girls wear rings on their ears, rings large enough to serve us as bracelets. They sing, roll their eyes as if on the verge of fainting, dance a kind of jig or boree whirl in time whilst the old man keeps on grating his screeching fiddle.

At last the Pundit and the sepoy return and spread their stampings ; I take up one and examine it in the Sun. Another beast of Tibetan snatches it from my hands on to it ; I believe it to be an indiscreet curiosity as I have the habit of meeting here. In short the mukhya orders ; "Return that to me". Then the Bhotya with a fearful expression of idiotic fanaticism crumples the paper in his hands throws it over the enclosure of the stupa springs in front of the mukhya greets him with an ironical salute by falling on his thighs his tongue proturding his skirt upturned completes his demonstration by a sign Mouquette fashion (laughed at); then feigning to brandish a weapon leaves at a run towards his den. The Lama then approaches and says softly : Believe me depart at once.

The good Homeric old man with the amiability of a man who has received two annas, insists : Depart at once, depart at once. And the anxious mukhya tells me : Ride your horses and let us go. And the pale Pundit tells me : Ah, these Bhotiyas. Our caravan glees it is the exact term ; I have seen the Gurkha routed by the Tibetan. And we are in Nepal at one hour from Kathmandu. What will it be in Tibet. Here is something that does not encourage me to visit Lhasa. And after all it is for these people that Cakyamuni has turned the wheel of law. They have well realized the type of squalid ignorance. What would happen if these very hordes took the road the India or the West.

Bhatgaon, the Maharaja gives me a house and it is very kind of him, but though it is a maharaja's house, it is not a comfortable house. From outside it is altogther neat looking ; a little outside the town right in the middle of a meadow quite close to the beautiful tank of Sikkhapohari in a pretty surrounding against the background of the valley. Laughing foregrounds with villas and gardens ; above stretch thick forests and as a crowning the inconceivable mass of glaciers. Oh, the pretty house to go and stand at the window. It has less seducing charms to the dweller. The architect who built her, certainly a Bengali had wished to follow the European style ; he has planned large windows everywhere with real venetian glass shutters ; built the architect is gone the time has passed, the glasses have cracked, broken gone to pieces, one by one the frame-work of the windows has come apart, the poor venetian shutters have lost their blades and the wind that blows across the mountain blows across the room laden with coryzas and odontalgia. And suddenly the weather cools or at least it is colder in Bhatgaon ; Kathmandu close to Nagarjun loses in picturesqueness but gains a shelter against the icy wind of the North. Bhatgaon town is fairly fortunately sheltered in a depresssion of the ground at the foot of the Mahadeo Pokhari but my house built on a very exposed plateau, generously offers itself to the indiscreet caresses of the breeze. From Kathmandu to Bhatgaon three sturdy leagues by a fairly good road on which those vehicles not afraid of ditches or quagmires can circulate ; the path crosses by turn the Dhobikhola, the Bagmati and the Manhaura come down from Mount Manichur. The three rivers still swollen by the recent rains flow all three in kind of deep trenches now widened and now confined forming real gorges where rice grows leisurely in a rich and moistened soil ; the two sides of the trenches generally rise perpendicularly and extend in plateaus on which towns are built. Nothing else gives more precise a feeling of the remarkable density of the population of Nepal than the aspect of the roads that join Kathmandu to the rest of the valley it is all along on kilometres has again increased to the honour of Bhatgaon. The Darbar has thought it useful to give me a second mukhya as assistant entrusted to supply me with provisions ; and this evening in the kind of hall that comprises the ground-floor of the house there lie side by side the two mukhyas, the sepoy, the boy, the cook, the sweeper, my personal coolie, the syce and the pony.

(To be continued.)

जंगबहादुरका मान-अपमानका कुरा

—ज्ञानमणि नेपाल

जङ्गबहादुरले राज्याधिकार पाइसकेपछि उनका उपर लगातार भइरहेका दगा र अवज्ञाका कथा कति हुन् कति, तिनका सबै राम्ररी लेखाजोखा हुन सकेको त छैन तापनि मैले पाएसम्मका तात्कालिक प्रमाणका आधारमा तिनको संक्षिप्त सिंहावलोकन गरि-सकेको छु । अब राजनैतिक अधिकारले सर्वेसर्वा भए तापनि उनको सामाजिक प्रतिष्ठामा पर्दै आएका एकाध आघातको अवलोकन गर्न लागेको छु ।

श्री ५ राजेन्द्रविक्रम शाहको संवैधानिक अधिकार कसरी युवराज सुरेन्द्रविक्रम शाह र कान्छी महारानी राज्यलक्ष्मी देवी शाहमा सर्दै आएको थियो, कसरी सो अधिकार जङ्गबहादुरका हातमा पर्न पुग्यो भन्ने सम्बन्धमा पनि संक्षेपमा देखिसक्यौं । प्रथमतः जेठी महारानी साम्राज्यलक्ष्मी देवी परलोक भइसकेपछि कान्छी महारानी राज्यलक्ष्मी देवीले आफ्ना छोरालाई राज्यको उत्तराधिकारी बनाउने जोडदार माग राखिन् । यद्यपि यो कुरा धर्मले- परम्पराले पनि प्रतिषिद्ध थियो । तर पनि राज्यलक्ष्मीको लेखा राजाको हुकुम भएपछि नहुने कुरा के थियो र ? सुरेन्द्रविक्रम शाहलाई राज्यको उत्तराधिकारी हुन यति यति कारणले अयोग्य भनी घोषित गरिदिएर आफ्ना छोरा रणेन्द्रविक्रम शाहलाई सुयोग्य उत्तराधिकारी घोषित गरिदिए भैहाल्ने थियो नि,—राजा रणबहादुर शाहले डेढ वर्षकै बालक उमेरका गीर्वाणयुद्ध विक्रम शाहलाई सिंहासनमा राखी राजा बनाई आफू जोगी पनि त बनेका थिए । गीर्वाणयुद्ध विक्रम शाहलाई जस्तै गरेर पहिल्यै आफ्ना छोरा-लाई राजा बनाइदिएर आफूलाई राज्यको सबै अधि-कार दिएर राजा राजेन्द्रविक्रम शाहले रणबहादुर जस्तै अलग्गिएर बसेपनि भइहाल्छ नि भन्ने भाव कान्छी महारानीको थियो । सुरेन्द्रविक्रम शाह पनि अब अबोध बालक थिएनन्; कुरा बुझ्ने भइसकेका थिए । उनका पक्षका मानिस पनि यो कुरामा उनलाई सचेत गराइ-रहेका थिए । कान्छी आमाको आशय थाहा पाएपछि उनी पनि अब आफै झटपट राजसिंहासनमा बसी श्री ५ महाराजाधिराज घोषित हुन रोढाइँ गर्न लागिरहेका थिए । यसरी दिनपरदिन गृहकलह बढ्दै आपसमै आशङ्का थपिदै गएकाले राजा राजेन्द्रविक्रम शाह विचलित बनेका थिए । तर उनी उत्तराधिकारीको परम्परागत रोल मिचेर सुरेन्द्रविक्रम शाहको अधिकार हरिदिन पनि कुनै हालतमा अघि सर्दैनथे, उता कान्छी महारानीलाई पनि खुलेर फट्कार्न सक्दैनथे । कान्छी महारानीकै प्रेरणाले बोलाएर ल्याई अधि-कारमा पुऱ्याइएका मुख्तियार माथवरसिंह थापा पनि राजाकै भित्री आशय अनुरूप रोल मिल्ने काममा अघि नबढेकाले महारानीको मनोवाञ्छा पूर्ण हुन सकेन । भित्री खटपट बढ्दै गयो । यसै कचिङ्गलमा आगलठेगलमा दुई तीन दल सृष्टि भई पक्ष विपक्ष

हुँदाहुँदै कैयौं निर्दोष व्यक्तिहरूले ज्यान गुमाउनु पऱ्यो ।

सं. १८९९ मा राजा राजेन्द्रविक्रम शाहबाट जेठा छोरा सुरेन्द्रविक्रम शाहलाई विना अधिकारको 'श्री ५ महाराजाधिराज' को खिताप दिइएको थियो । त्यसपछि सं. १९०१ मा नानी जेठा छोराले हुकुम चलाई राजकाज गर्नू भन्ने लालमोहर गरियो । यस-पछि कान्छी महारानी ज्यादै नाराज भएकीले उनको पनि मन राख्न सं. १९०२ जेष्ठमा राजेन्द्रविक्रम शाहले उनलाई पनि 'मेरो र श्री ५ सुरेन्द्रविक्रम शाहको सल्लाहले राजकाज चलाउनू' भन्ने अधिकारको लालमोहर गरिदिए । यसरी आफ्ना हातमा अधिकार आएपछि आफ्ना छोरालाई नै 'महाराजाधिराज' बना-उन महारानी पूर्ण प्रयत्न गर्न लागेकी थिइन् ।

कोतपर्वपछि जङ्गबहादुर कान्छी महारानीकै आज्ञाले सर्वशक्तिमान् बनेपनि उनको मनोवाञ्छा पूर्ण पार्ने काममा अघि सरेनन् । आखिर उनले प्रत्याख्यान गरिएकी महारानी जङ्गबहादुरलाई नै सिध्याउने प्रयत्नमा लागिन् । उनको यस काममा सहयोग दिन अघि सर्नेमा सरदार दलमर्दन थापा, वीरकेशर बस्नेत, रणभद्र बस्नेत, समरजित बस्नेत, सुवेदार वीरध्वज बस्नेत आदि थिए । यो योजना सफल भइदिएको भए जङ्गबहादुर र उनको पक्ष मारिने मासिने थियो, राजा राजेन्द्रविक्रम शाह, सुरेन्द्रविक्रम शाह, उपेन्द्रविक्रम शाह समेत निस्तेज हुने वा पन्सिने थिए; रणेन्द्र-विक्रम शाह र वीरेन्द्रविक्रम शाहहरूको उदय हुने थियो । तर यो योजनाको सुइँको पाएका जङ्गबहादुरले पहिल्यै भण्डारखालपर्व मचाएर यसको भण्डाफोर पारिदिए । यस पर्वमा मारिने र भाग्नेको सूची पनि हामीले देखिसकेका छौं ।

यो पर्व घटेको एकहप्तापछि नै जङ्गबहा-दुरको प्रेरणाले-करले पनि राजेन्द्रविक्रम शाहले कान्छी महारानीलाई मेरो र जेठा छोराको सल्लाहले राजकाज चलाउनू भनी सं. १९०२ जेठको लालमोहर बदर गरी उनको सबै अधिकार झिकी आफू पनि कान्छी महारानीलगै काशी जाने हुँदा श्री ५ सुरेन्द्रविक्रम शाहको एक हुकुम मानी कम्पु सोह्र पल्टन र भरमुलुकको कमान चलाई राजकाज गर्नू भनी जङ्गबहादुरकै नाममा लालमोहर गरिदिए ।

यसरी सबै अधिकार विधिवत् प्राप्त गरेपछि उनी श्री ५ सुरेन्द्रलाई अघि सारी नेपाल राज्यको हालीमुहाली चलाउन लागे । अब जङ्गबहादुर राज्य-लक्ष्मी र ऐश्वर्यलक्ष्मीले पनि परिपूर्ण बने । मानिस अधिकार र धनसम्पत्तिले मात्र अघाउँदैन । यसका साथसाथ उसलाई सितनस्वरूप लोकयश र प्रतिष्ठा पनि चाहिन्छ । राज्यलक्ष्मी ऐश्वर्यलक्ष्मी भनेका अस्थायी पनि हुन्, चञ्चल पनि छन् । यश र इज्जत भनेका स्थायी; पछिसम्म पनि रहिरहने चीज हुन् । यसैले चतुर बुद्धिमान मान्छे धन-अधिकारभन्दा पनि यश र इज्जतका लागि आफूलाई समर्पित गर्दछन् । यसैले पनि भौतिक लाभ उपलब्ध गरिसकेपछि अरू यशको चाहना उनका मनमा जाँगरित हुन आउनु स्वाभाविक थियो । यसका लागि उनले आफूभन्दा पहिलेका मुख्तियारले गर्न नसकेका काम गर्नु आवश्यक थियो । त्यस जमानामा सारा नेपाली राजा प्रजाका मनमा खट्किराखेको थियो सं. १८७२ मा भीमसेन थापाले युद्धमा हार खाएर सुगौली सन्धि अनुसार देश गुमाएको कुरा । अब त्यसलाई कुनै हिसाबले फिर्ता ल्याउन सके नयाँ प्राइम्मिनिष्टरको शिरमा चार चाँद लाग्ने कुरामा शङ्का थिएन । यो तत्त्वलाई हृदयङ्गम गरेका जङ्गबहादुरले दोर्जेलिङ्ग र सुखी राज्य नेपालमा मिलाउने पहिलो प्रयास गरे । त्यसमा उनी सफल हुन सकेनन् । पछि आएर भोटसंग गरेको युद्धमा मने नेपाललाई सफलता प्राप्त हुन आयो । त्यसपछि सं. १९१४ को भारतको विप्लवमा अंग्रेजलाई सहायता गरे बापत अलिकति जग्गा जङ्गबहादुरले आर्जन गरी ल्याउन सके । यसबाट केही मात्रामा उनलाई राजनैतिक प्रतिष्ठा प्राप्त भयो ।

त्यस वेलाको जमानामा कुलीनता-खानपीनको ख्याल असाध्यै राखिन्थ्यो । तीन डोरे जनै लाउने

खश क्षत्रीहरूलाई उपल्ला झर्रा क्षत्रीरू ठकुरीहरू पनि तल्लो तहमा राख्थे । खानपीन --विहाबारीमा पनि हम्मेसी चलाउन अनकनाउँथे । यसरी उपल्ला तहका क्षत्रीहरूले हियाएको कुराले प्राइम्मिनिष्टर भएपछि जङ्गबहादुर चिन्तित थिए । उनको मानसिक आघात बढेको थियो । अब उनले झर्रा क्षत्रीको दर्जा प्राप्त गर्नु सामाजिक प्रतिष्ठाका लागि अनिवार्य महसूस गरे । विजयराज जस्ता गुरु पुरोहितहरू उनका आगेपीछे छँदैथिए । उनीहरू मार्फत् आफ्नो पुस्तावली लेखाएर ट्याक्यावक महाराणा प्रतापको पुख्यौंलीमा जोडाइदिए । अनि उनले सीधा विषेय श्री ५ महाराजाधिराजसंग 'हजुरका पुर्खा चित्तौरगढबाट पाहाड पस्ता हाम्रा पुर्खा पनि संगै आएका, हाम्रा पुर्खाले चाहि खशिनी स्वास्नी राखेर जन्मेका हामी चाहि खश क्षत्री भएका हौं, अहिले सरकारको उदयमा हामीले हाम्रा पुर्खाको जातभात पाउने हौं' भन्ने बिन्ती चढाए । श्री ५ ले पनि हुन्छ लौ भनी सं. १९०५ मा जङ्गबहादुरलाई 'राणाजी' को खिताप दिइदिए । अब उनी 'श्रीमद्राजकुमारकुमारात्मज' 'राणाजी' भए । अर्थात् 'राजाका छोराका छोराको छोरा' भन्दा चारै पुस्ता देखि राजखानदान देखियो र चौतरिया खलक जस्तै भए । सर्वसाधारण भारदारलाई लाग्ने लेखिने गरेको 'स्वस्तिश्री-सर्वोपमायोग्यत्यादिसकलगुणगरिष्ठ राजभारोद्धारणसमर्थ' भन्ने प्रशस्तिबाट अलग्गिएर उनी माथि पुगे । यो कुरा उनले देशविदेशमै प्रचार गराए । यसले गर्दा भारतका रजपूत क्षत्री र यहाँका झर्रा क्षत्री ठकुरीहरूसंग पनि विहाबारीमा चल्न खानपीन गर्न पनि अब कुनै बाधा उठ्काउ कानूनी रूपले चाहि नपर्ने भयो ।

जङ्गबहादुरले देश विदेश डुले, सबैका चाल-चलन बुझे । राजा महाराज चक्रवर्ती बादशाह भन्ने दर्जा अर्कै हो, प्राइम्मिनिष्टर (प्रधानमन्त्री), मुख्तियार, मन्त्री, काजी भन्ने दर्जा अर्कै हो । नेपालमा सर्वेसर्वा अधिकारसम्पन्न त उनी थिए, तर प्रधानमन्त्री नै थिए । भारतमा अंग्रेजका अधीनका राजा रजौटा भए पनि उनीहरू राजै भनिन्थे । उनीहरू भन्दा मर्यादाक्रममा आफूलाई कसरी अलग उँचो राख्ने; औपचारिक समारोहमा स्थानमानको लेखा-जोखा कसरी राख्ने; विदेश जाँदा कति तोपको सलामी लिने; यस्ता कुरामा इज्जत राख्न मर्यादा-क्रमको व्यवस्था बाँध्न पनि उनले प्रधानमन्त्री मात्र बनेर बस्ता नहुने ठहराए । उनको भित्री सच्चो पाएका चाटुकारहरू आफ्नो हातमा शक्ति छँदैछ, राजसिंहासनमै बसेर श्री ५ महाराजाधिराजै किन नबन्ने ? भन्ने सम्मका कुरा पनि सुझाउँथे । यस्ता सुझाव प्रस्तुत गर्नेमा अधिसरा विजयराज गुरु नै थिए भनिन्छ । तर जङ्गबहादुर राजनीतिमा यस्तो कच्चा काम किन गर्थे । श्री ५ लाई पन्साएर आफू अड्न सक्छु भन्ने कल्पना उनले गरेका थिएनन् । उनले श्री ५ मा दिलैदेखि मान्यता राखेका थिए । आफ्ना भाइछोरा कसैले श्री ५ प्रति अलिकति तल माथि गरे भने पनि हप्की गर्दथे र श्री ५ मा मान्यता राख्ने र अंग्रेज बहादुरसंग मित्रता राख्ने कुरा नै आफ्ना भाइछोरामा आफ्नो कुलको राज्यसत्ता स्थिर हुने कुरा हुन् भनी उपदेश दिन्थे ।

त्यसकारण उनले एउटा मध्यममार्ग अवलम्बन गर्ने उपाय सोचे । तर त्यो उपाय अवसर नपरी प्रकट गर्नु पनि भएको थिएन । सं. १९१२ मा भोटसंगको युद्धमा विजय हासिल गरेर उनलाई आफ्ना शर्त स्वीकार गराएर सिर्तो समेत तिराउने सन्धिमा हस्ताक्षर गराएपछि जङ्गबहादुरलाई ठूलो पुरुषार्थ गरें भन्ने भान पऱ्यो । यसैले उनी अब प्रधानमन्त्रीमा मात्र नरहने निर्णय गरी आफ्नो अस्वस्थताको कारण देखाई सो प्राइम्मिनिष्टरको पदको अभिभारा आफ्ना भाइ वमबहादुरमा बिसाए । यसले एकातिर रोलक्रम-बाट सो पद पाइने रहेछ भनेर उनका भाइहरू ढुक्क परे भने अर्कोतिर यतिले मात्र जङ्गबहादुरको चित्त बुझेको रहेनछ भन्ने कुरा जाहेर भयो । यसैको फल उनको आफ्नो पुख्यौंली थलो कास्कीपोखरा र लमजुङ्गका राजा घोषित गरिए र विशेष अधिकारसाथ 'श्री ३

महाराजा' भन्ने पदवीले विभूषित बने। अब उनी श्री ५ बाट तल प्राइम्मिनिष्टरभन्दा माथिका दर्जामा पुगे। यसरी नेपालमा श्री ५ महाराजाधिराज मुनि श्री ३ महाराज भन्ने पद प्रतिष्ठापित हुन आयो। केही महीनापछि बमबहादुर परलोक भएकाले पुनः प्राइम्मिनिष्टरका पद पनि जङ्गबहादुर स्वयंले सम्हाले।

यसरी जङ्गबहादुरको राजनैतिक महत्वाकांक्षा चाहिं व्यवहारले पनि मानप्रतिष्ठाले पनि करीब पूर्ण भयो भने सामाजिक प्रतिष्ठाचाहिं कानूनले वा लालमोहरले मात्र पूर्ण हुने छाँट भएन। उनलाई चलाउने कुरामा चौतरिया खलकको आनाकानी नै रह्यो। यसका लागि पनि उनले श्री ५ महाराजाधिराजलाई नै गुहार्नु पऱ्यो। श्री ५ सुरेन्द्रविक्रम शाहका शाहज्यादा मागेर उनले आफ्ना छोराहरूको विहाबारी गराइदिए। श्री ५ कै बलले चौ. गुरुप्रसाद शाहकी बहिनी हिरण्यगर्भकुमारीलाई मागेर त्यसै साल आफ्नो पनि पुनर्विवाह गरे। आफ्ना छोरीहरू पनि युवराजाधिराजलाई दिएर विवाह गराए। यसरी जङ्गबहादुर र उनको खलक शाही खानदानसंग खानपीनमा विहाबारीमा पनि सरावरीसंग चल्न थाले। करले बलले यो कुरामा कसैले मुख फोरेर भन्ने बाटो भएन, तर भित्रभित्रै यो घटीबढी जातको विहाबारीको खानपीनको नाटीखुटी भने हटेन, वियोचर्यो चली नै रह्यो।

जङ्गबहादुरले यो विवाह सम्बन्धद्वारा एउटा गोलीले दुइटा चरा मार्ने विचार गरेका थिए। एक आफ्नो सेखपछि पनि आफ्ना सन्तानको पनि यसरी नै सु-सम्बन्ध कायम भइरहोस् भन्ने राजनैतिक उद्देश्य थियो भने दोस्रो शाही खानदानसंग सरावरी चलेर सामाजिक प्रतिष्ठा प्राप्त गर्नु पनि थियो। यसबारेमा उसैबेला पनि थरिथरिका चर्चा चलि-रहन्थे। उनका भक्त कान्छाभाइ धीर शम्शेरले 'हाम्रा दाज्यू कति बुद्धिमान् आफूले बस्नुपर्ने राजगद्दीमा विनयवश आफू नबसी घुमाएर आफ्ना नातिलाई बसाउने हुनुभयो' भनेका थिए। साँच्चै आफ्ना सेखपछि छोरालाई 'श्री ३ महाराज' र दौहित्र (छोरीका छोरा) लाई 'श्री ५ महाराजाधिराज' बनाउने उनको धोकोलाई सबैले बुझेका थिए।

परन्तु उनका सेखपछि उनको राजनैतिक उद्देश्य त ठ्याम्मै पूरा हुँदै भएन। उनका आफ्नै भाइभतिजाबाट ड्याङ्ग खानु पऱ्यो। सामाजिक प्रतिष्ठामा पनि बारम्बार बिप्रतिपत्ति उठिरहे। उनले त्यस्ता बेइज्जती कुरा आफ्नै कानले सुनी रहनुपऱ्यो।

जङ्गबहादुरको यो घटीबढी जातसम्बन्धी मान अपमानको कुरो अरूलाई त त्यति चासो पर्ने कुरा पनि थिएन। एक त खश क्षत्री र ठकुरीहरू समान धर्म समानकर्म नै ठहरे, को झर्री, को खश, सबै रणसंदानमा उत्रने, सबै राजकाजमा लागेका भारदार नै थिए। यिनको जातपात विहाबारी खानपीनमा न बाहुनलाई असर पार्ने वा चासो पर्ने विषय थियो न तल्लो जातकालाई। यो केवल ठकुरी र खश क्षत्रीहरूको आपसको मामला थियो। अरूहरूलाई त यिनले शाहज्यादाहरू हत्याएभन्दा सबै शाही अधिकार हत्याए भन्ने कुराचाहिं बढी चासो र चर्चाको विषय थियो। विशेष गरेर चौतरिया खलकमा भने दुवै कुराले धेरै समयसम्म हलचल मचाइरहेको थियो। जङ्गबहादुरको राजनैतिक उत्थान एकाधिकारको आरिसले उठेको रीस पनि जम्मा भएर अन्त पोखिन नपाएर उनको घटी जातको कुरामा आएर ठोकिन पुगेको थियो। यसैले चौतरियाका मात्र होइन हरेक विरोधी भारदारका घरघरमा देश परदेशमा पनि जातलाई लिएर जङ्गबहादुरको यो बदनाम फैलिरह्यो। देशभित्र भने कडा दण्डमयले प्रकटरूपमा प्रचार हुन सक्तैनथ्यो। ११ सालपछि मुख फोरेर भन्न चौतरिया खलकलाई

आफैलाई अप्ठ्यारो पऱ्यो र यो विरोध केही मत्थर थियो । बाहिर वाक्स्वतन्त्रता पनि बढी भएको र त्यहाँ अरूहरूलाई यो बदनामी कुरा बढेर प्रचार गर्न कसले छेक्तथ्यो र । विरोधीको थुतुनो थुन्न कसले सक्तथ्यो । बाहिर जतिसुकै लोलोपोतो पारेपनि काशीमा निर्वासित जीवन बिताइरहेका रणेन्द्रविक्रम शाह र वीरेन्द्रविक्रम शाह र उनका अनुयायीहरू पनि भित्रभित्रै जङ्गबहादुरको बदनामी कुराको डुंगी पिटाइरहेका थिए ।

कोतपर्व भण्डारखालपर्वको अधिपछि पनि निर्वासित भई भारत बसेका काजी जगतबम पाँडे, रङ्गनाथ गुरुज्यू, चौ. गुरुप्रसाद शाह, रणोज्ज्वलसिंह थापा, दलप्रकाश शाह, दलबहादुर थापा आदि सबैको विरोधी भूमिका केलाएर सबै स्पष्ट पार्न सकिएको छैन तापनि अहिले गोठू बस्नेतको चर्तिकलाचाहिं अलिकति प्राप्त प्रमाणका आधारमा चर्चा गर्नु उपयुक्त ठानेको छु । यिनको साधारण परिचय र यिनले भण्डारखालपर्वदेखि जङ्गबहादुरको अवज्ञा गर्दै आएका थिए भन्ने कुरा पनि पहिले प्रकट गरिसकिएको छ । चौ. गुरुप्रसाद शाहको विरोधी भूमिका मत्थर भएपछि उनलाई सुद्धा मुछेर गोठूले उठाएको विरोधी प्रचारपट्टि एक दृष्टि दिऊँ ।

नेपालबाट बाहिर पाटो लागेका काशीमा निर्वासित भई बसेका कान्छी महारानीका तीन आमा छोरा साथमा लगेको धनसम्पत्तिको आपसमा बाँडफाँड नमिली तीन जना तीनतिर मुख फर्काई बसेका थिए । यिनीहरूको दल पनि आपसमै दन्तवज्ञानमा व्यस्त थियो । महारानीको पक्षमा लागेर हर्ताकर्ता भई आँखी बनेका खाइखेली ठेड भएका दलबहादुर थापा थिए भने साहिला साहेबज्यूको पक्षमा लागेर गोठू बस्नेत झन् जगरसेठ थिए । यिनको मतजत एकगठ नहोस् भनेर गुरुदेखि नै जङ्गबहादुर चनाखो बनी आफ्ना मानिसद्वारा भेद उपजापका चालबाजी पनि चलाइरहेका थिए । छोरो विरोधी हुँदा महारानी मुखले जङ्गबहादुरपट्टि लागेकी जस्ती भएकी थिइन्, रणेन्द्र र उनका अनुयायी गोठू जङ्गबहादुरका प्रबल विरोधी बनेका थिए ।

सं. १९२१ जेष्ट वदि ४ रोज ४ मा साहिला साहेबज्यूकी मैयाँको विहा आवागढका राजा पिर्थीसिंहसंग हुने निश्चित भयो । यो विवाहको कुरा मिलाउने र अरू चाँजोपाँजो बाँध्ने काम पनि बेतियाका राजाका माध्यमबाट लमी बनेका गोठू बस्नेत नै थिए । शायद आफ्नो वा आफ्ना भाइछोराका लागि मैयाँलाई जङ्गबहादुरले मागेका हुँदा हुन् । उनीसंग पनि मुजे नातो बाँध्न पाए उनबाट हुने काई कुई पनि कम हुने ठानेका हुँदाहुन् । उनीहरूलाई नदिएर वा माग्ने मौकै नपारेर भारतका रजपूत क्षत्री राजासंग मैयाँको विवाह गराउने कुरा बाँधेकाले साहिला साहेबज्यू समेत गोठू बस्नेतहरू फुरुङ्ग परेका थिए । गोठूले त यो ठूलो पुरुषार्थ गरेको हुँ भन्ने ठानेका थिए ।

सं. १९२१ वैशाख शुदि ७ मा विवाहको अठोट लाग्यो । साही मुन्द्रो साट्ने, तिलक लिने विधि पूरा गरी टीकाटालो गरियो । यो विवाह बेतिया दरबारबाटै हुने भयो । जन्तीको आवाभगत गर्ने, भोज भतेर खुवाउने काम पनि बेतिया महाराजले नै अङ्भर गरेकाले साहेबज्यूहरू झन् खशी थिए । आफ्ना मालिककी मैयाँलाई खशले हात हाल्ने मौकै नदिएर रजपूत राजालाई दिलाउन र बेतियाको महाराजको सहयोग पाउन पनि सफल बनेका गोठूको फूर्ति बढेर भूईंमा खुट्टै थिएन । श्री ५ का शाहज्यादालाई चौतरियाकी बहिनीलाई खशले हात पारेकोमा मुख फोरेर विरोध नगरे पनि सबै साहेबज्यूहरूको मन भित्रभित्रै कुँदिइरहेको थियो । यसै रहस्यलाई बुझेका साहिला साहेबज्यूले गोठूका सल्लाहले अठोट लागेकै भोलिपल्ट चौ. गुरुप्रसाद शाहलाई अझ चित्त कुँढ्याउने नियतले घाउमा चूक घस्तै विवाहको पहिलो निम्तो बेतियातर्फ पठाए । परन्तु गुरुप्रसाद शाहले पनि स्थिति टारिहाले । सो विवाहमा उनी उपस्थित भएनन् ।

यथासमयमा बेतिया दरबारैबाट विवाह सुसम्पन्न भयो ।

यसपछि गोठूले आफ्ना रिसका मुन्द्रा फेर्ने हिसाबले आफूसंग अहिलेसम्म अरिपरेका चौ. गुरुप्रसाद शाह, श्री ३ जङ्गबहादुर राणा, विजयराज गुरुलाई तथानाम गरेर चिठी लेखे। अघि कुनै समयमा बेतिया महाराजको पटाङ्गिनीमा कचहरी हुँदा गुरुप्रसाद शाहले गोठू बस्नेतलाई छेड हानेका रहेछन्। सोही निहुँ उठाई उनले तपाईंले के पुरुषार्थ गर्नु भयो, खशलाई बहिनी दिएर खशका हातको भात खानु भयो, मैले त आफूले मानेका मालिककी मैयाँलाई खशका हात पर्न दिइन, यसको चार महीनापछि जङ्गबहादुरलाई बैठाएपछि मेरो पुरुषार्थ देख्नुहोला भनी लेखेका छन्।

अघि १४ सालको विद्रोहमा अंग्रेजको सहायतालाई जङ्गबहादुर लखनौ गई त्यताबाट काशी गई सिकौलको कोठीमा बसेका थिए। त्यस वेला उनले हेपेर रीसले गोठूलाई 'ए गोठू तेरो बाबु रणभद्रे हो ढोगिदे' भनेर छेड हानेका रहेछन्। त्यस वेला गोठूलाई केही बोल्ने मौका परेन, अहिले यति गरेपछि म दोगला रहेछु कि सद्धे बाबुको छोरो रहेछु, तपाईंहरूलाई मालिकका मैयाँलाई हात हाल्न दिइन, न तपाईंहरूको आशा राखें भन्दै जङ्गबहादुरलाई नै दोगला सिद्ध गर्ने भाव गड्केर पोखेको छ। यी दुवै चिठी विवाहको ६ दिनपछि लेखेका हुन्।

यसको २० दिनपछि विजयराजलाई तथानाम गरेर लेखेको छ। अघि विजयराजले काशीमा यस्तै कुराको दगलफसल हुँदा 'हेर गोठे, तेरा मालिकलाई काशीमा बसेर हण्डी थापेर खाने पारिन भने म विजयराज नै हुइँन' भनी गोठूलाई हप्काएका रहेछन्, यस मौकामा उनलाई गोठूले भन्ने बाटो पाए। हेर, तिमीहरूको चक्रबाट मालिकलाई बचाएर कल्पवृक्षको छायामा लगियो, सेखी गर्नेको मुखमा गोठूले जुत्ता हान्यो भन्दै विजयराजलाई ठूलठूला अप्टिक लाइएको छ। उनका पुर्खाले हनुमान्ढोकामा छोरी पट्केको कुरा अगम्य छ, के हो ? उनले अभक्ष्य खाएको कुरा सुन्दा अहिलेको स्थितिको सम्झना हुन्छ। उस वेला पनि यस्तो हुँदो रहेछ भन्ने शङ्का हुन्छ, रहस्य के हो ? रीसले बेइज्जत गरेको पनि हुन सक्छ, यस्ता यी ठूलठूला जात जाने अभियोग कहाँसम्म सत्य हुन् अहिले यसै भन्न सकिदैन।

विवाह भएको डेढ महीनापछि पुनः गोठूले जङ्गबहादुरका भाइ बद्रीनरसिंहलाई फकाउँदै सर्काउँदै जङ्गबहादुरका विरुद्धमा उचाल्दै पत्र पठाएका छन्। अलिक विस्तारसंग आफ्नो मनोभाव पनि व्यक्त गरेका छन्। बद्रीनरसिंह भित्रभित्र विरोधीदलसंगै विशेष सहानुभूति राख्नेमा रहेछन् भन्ने छनक यस पत्रबाट पाइन्छ। 'तपाईंले राजा प्रजा सबैलाई सुख होस् भन्ने हेतुले ठूलो तकलीफ उठाएर इलाहाबाद किल्लामा कैद पनि सहनु भयो' भनी पुरानो कुरा सम्झाएर त्यसको महत्त्व दर्शाएर सर्काएको छ भने 'ईख नभएका क्षत्री विष नभएको साँप' काम लाग्दैन भनी उनलाई उद्वेजन गराउने प्रयास पनि गरेको छ। यस पत्रमा पनि चार महीनाभित्र 'राजा हुँ भन्ने' (जङ्गबहादुर) लाई सिध्याउने कुरा गरिएको छ। 'अब सिरफ राजा हुँ भन्नेलाई नेपालमा तैंले कत्तल गरी ठण्डा पारेको बखतमा म तिमीहरूको मद्दत गरूँला' 'तिमीहरूसंग सामेल छु' भन्ने वचन बद्रीनरसिंहसंग मागिएको छ। यो षड्यन्त्र के कस्तो थियो वा भयो भन्न सकिदैन। यस उद्देश्यले गोठू बस्नेत नेपाल तराई बुटौलसम्म आई फर्केको कुरा पनि सूचित छ। 'राजा हुँ भन्नेलाई एक दुई तीन सिध्याउँछु, सिध्याउन सकिन भने गोठू बस्नेतै होइन, अनि गोठू एक बाबुको छोरो रहेछ कि दोगला रहेछ राजा हुँ भन्नेले थाहा पाउला' भनी भीष्मप्रतिज्ञा पनि गोठूले गरेका छन्।

आखिर उपर्युक्त सबै चिठीपत्र नेपाल आए, जम्मा हुँदै जाँदा जम्मै जङ्गबहादुरका हात परे। गुरुप्रसाद शाह विजयराजलाई त केही थिएन, बेइज्जत गरेरै लेखिएको थियो। बद्रीनरसिंहलाई अलिक असजिलो पार्ने खालको बेहोरा थियो। तर मैले वचन दिएको वा दिने छैन भनेर उनले इन्कार गर्दा उम्कन सजिलै थियो। इन्कार गरेरै रहे। आफ्नो र आफ्ना मान्छेको त्यस्तो घोर अपमान गरेको जात जाने जस्ता अप्ठ्यारा अप्टिक लाएको देखता

रीसले आगो भएर जङ्गबहादुरले रेजिडेन्ट रेम्जे मार्फत यी सबै चिठी सकलै पठाएर अंग्रेज सरकारसंग गोठू बस्नेतलाई सख्त सजाय गरिदिने अनुरोध गरे । अंग्रेज सरकारले बनारस बस्ने अंग्रेज एजेन्टलाई यो सबै बेहोरा बुझी पुर्पक्ष गरी यथार्थ निरोपण गर्न भनी अह्रायो । उनले पनि साहिला साहेबज्यू, काहिला साहेबज्यू र उनीहरूका कारिन्दा, मुन्सी, नोकर, चाकर सबैसंग बुझी बयानसमेत लिए । साहिला साहेबज्यूले गुरुप्रसाद शाहलाई बेतिया पठाएको निम्ता सद्दे हो अरू कीर्ते हुन् भने, गोठूले अक्षर नचिनेको कुरा जाहेर भयो । उनले पनि इन्कारी नै बयान गरे । आमाछोरामा, दाजुभाइमा पनि आपसमा वैमनस्य, झगडा, रीसराग बढेको हुँदा काहिला साहेबज्यूका पासमा गुरुप्रसादका भाइ दलप्रकाश शाह बसेका र काहिला साहेबज्यूसंग लागेको भनी मलाई फसाउन यो काम गरेको हुनुपर्छ भन्ने बयान गोठूको भयो । यतिकै भरमा दलप्रकाशलाई सजाय गर्न पनि मिलेन । अरू मुन्सी कारिन्दाहरूले पनि आ-आफ्नो अनभिज्ञता जाहेर गरे । पत्र एउटै मानिसका हस्ताक्षरमा लेखिएका थिए । फट्केमा 'गोठू वस्नात्' भन्ने हस्ताक्षरको चिठी सही थियो । सहीका अक्षर फरक थिए । अक्षरै नचिन्ने भनेपछि सद्दे कीर्ते जाँच्ने अक्षर लेख्न लाउने काम पनि भएन । साहिला साहेबज्यूले यी चिठी लेख्ने मान्छे पत्ता लाउनेलाई रु २०० इनाम दिने घोषणा पनि गरिदिए र आफ्नो निर्दोषिता सिद्ध गरे ।

बृटिश भारतमा उसै बेला पनि धेरै वाक्स्वतन्त्रता थियो । मानिसले आफ्नो मन लागेको कुरा लेख्न, पढ्न, छाप्न पनि सक्ने थे । यसैले चिठी लेखेका भरमा आफ्ना देशमा शरण परेर बसेका मानिसलाई सजाय गर्न वायसरायले त्यति खायस् देखाएको मान पर्दैन । राणाशासकहरू हरेक पल्ट यस्ता कुरा वायसरायसंग अनुरोध गरी रहन्थे । यसैकारण यो दगलफसल गर्न नलागी रेम्जेले यो राग मेटाउन कुरा नरम पार्दै वायसरायको रायमुताबिक लेखे-गोठूलाई फसाउन कुनै तेसर मान्छेले लेखी गोठूका नामले यी पत्र पठाएका हुन्, आफै गोठूले लेखेका भए यस्ता षड्यन्त्रको कुरा ता गोप्य पो राख्नु पर्थ्यो, झन् आफ्नै हात-मुखले किन प्रकट गरी गरी हिंड्थे , गोठू अक्षर नचिन्ने हुनाले लेखेको सबुत प्रमाण पुग्दैन, विनासबुद प्रमाण कसैलाई पनि सजाय गर्न मिल्दैन, यस्ता कुरामा कपाल दुखाइरहनु पर्दैन, हात पर्ने साथ यस्ता बेइज्जती पत्र च्यातेर फालिदिनु भन्दै यता चोचोमोचो राखी जङ्गबहादुरको चित्त बुझाई पत्र लेखिदिए, उता गोठूलाई पनि विना सबुद प्रमाण सजाय गर्न नमिल्ने भनी बचाइदिए । यसरी जङ्गबहादुर र उनका चक्रको यो अपमान काण्डको यहीं इतिश्री भयो ।

प्रमाणका लागि केही महत्त्वपूर्ण पत्रहरू

जङ्गबहादुर राणाजी भएको कुरा

सम्वत् १९०५ साल वैसाष सुदि १३ रोज ३ का दिन ।

महाराजाधिराजबाट मातबरसिंह जनरल् हामिहरूको सवारी हिटौडाको धुपबासमा चलाइ १६ गोटा मानिकाटि आजदेषि श्री ५ महाराजाधिराजको हुकुमली आजकाम गर्नु भन्या कागतमा सबैलाई सही हालन लगाइ सवारी जाहा चलाइ ल्याउदा २ लाषको षिल्लत र सवालाख रुपैयाँको विर्ता वक्स्या र पनि मेरो हुकुम चलाउन सकेन तैले मलाइ श्री ५ कान्छा सुमाज्यूबाट मार्न षोजदा मलाइ बचाइ गादिमा राज गराइ हुकुम चलाईस तसर्थ तलाइ २ लाषको षिल्लत र सवालाख रुपैयाको जागिर वक्सन्छु ले भनि हुकुम हुदा मलाइ हजुरबाट सबै कुरा बक्स्याको छ मलाइ केही चाहिंदैन भनि विति गर्दा नलिहुंन भनि हुकुम भयो र नलिहुंन भनि हुकुम हुंछ भन्या हजुरका पुरुषागढ चितौर-बाट गोर्षा पाउ लागनु हुंदा हामिहरूका राणा रजपुत पनि पाउ रषवारि गोर्षा आइ षसी (नी) विवाह गरी जन्म्यापट्टिका सन्तान हामिहरू हौ आफ्ना पुरुषाको पदवी पाउन्या हौ किन भन्या कालु काजिहरू षवास्या हुन् उनका पुरुषा रजपुत हुनाले षवास्या पनि साही भैगया हामिहरू ता तेलिया हौ नौ नूनिया हौ भनि विन्ति गर्दा श्री ५ सर्कार वहु(त) षुसी हुनु भै राणाजिको षिताव वक्सनु

भयो इ कुराको सबै विस्तार रजिडंट साहेवसंग विस्तार गरी र षुसीको षवर रजिडंट साहेवलाई भनि आउनु औ लाट साहेवसंग भेट मुलाकात भया भयाको विस्तार पनि रजिडंट साहेवसंग गरी आउ भनि श्री प्राइमिनिष्टर यान कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजिबाट सर्दार करवीर षत्री मीर मुन्सी लक्ष्मीदास लिफटेन करवीर षत्रीलाई आग्या हुदा सर्दार मीर मुन्सी लिफटेन रजीडंटी कोठीमा गै दस्तुर वमोजिम मुलकात र मिजाजको षैर आफियत सोधि सक्या पछी—

१९०५ साल षीलत छीपाको नली जनरल जङ्गबहादुरलाई राणाजीको षीताव र प्रसस्ती वक्सेको ।

श्री ३ महाराजको पद पाएको

यादद्दास्त (प्रशस्ति सुरेन्द्र) का तर्फबाट

मेजर जारीज रमजि साहेब बहादुर. म दोस्तका दर्बारका रजिडंटको नाउमा सम्बत् १९१३ साल मिति श्रावण सुदी ८ रोज सनीश्चरवार —

जाहेर रहोस्की श्री माहाराज जङ्गबहादुर कुवर राणाजीले यस् ठुलो सर्कारको षैर षाही निमक हलाली गर्याको फौज रैयत प्रजाका हक्मा बेहत्तर गर्याको औ ठुलो सर्कार कंपनि अर्गुज वहादुरसंग दोस्तीको दर्जा वढायाको जस्तो छ सबै तपाइलाई जाहेर छ . तसर्थ उन्ले षैरषाही गर्याका कुराको बयान् र हाम्रा हजुरवाट महाराज मोहनशमुहले हलाई लालमोहरको सनद गरी माहाराजको षीताव् गरी जती मुलुक् बक्स्याको छ सोही सनदको असल र नकल कर्णैल कुलमान्सी वस्त्यात मार्फत तपाजी छेउ पठाई दीयाको छ. उसैले सबै मुफसल हाल मालुम होला त्यो असल लालमोहर हेरी सक्या पछी फिर्ता गरी पठाई दिनु हाम्रा हजुरबाट जो यो षिताव् मुलुक वक्स्याको छ हाम्रा षुसीषाहीस् संग र सबै अमीर सर्दारहरू औ सबै फौजका मंजुरी राजीले हो यस् कारण तपाइलाई इत्तलायका नीमीत्त लेष्या शुभम् —

१९१३ साल

श्री प्राइम मिनिष्टर जङ्गबहादुर राणालाई महाराजको षीताव् र मूलुक वक्स्याको

महारानीका आमा छोराको फाटोको कुरा

वि. सं. १९१३ सा. आश्वीन वदि १० रोज ३ श्रीमहाराज जङ्गबहादुर कुवर राणाजीबाट श्री काहिला साहेवज्यू (श्री वी) रेन्द्रविक्रम शाह (के)

श्रावण शुदि ५ रोज ४ का दिन लेषनुभयाको पत्र भाद्र वदि ८ रोज ७ का दिन आइपुग्यो. पत्रले सबै विस्तार मालुम भयो. उप्रांत श्रीमुमाज्यूको र तिम्रो ठुलो भरोसा गरी बसी रह्याको थीया. कसुर ता मबाट केहि भयाको झै लाग्दैन. मानिसले चुक्लि गर्दा रिसानी गराइदिया भनि लेषिबक्सनुभयाका कुरालाइ ताहाले मूमाज्यूसंग मिलाप गरी बक्सनुभया सबै कुरालाई बेहत्तर छ. ताहांबाट मिलाप गर्दागर्दै मुमाज्यूबाट मिलाप हुन्या तवर भये न भन्या [मुमाज्यूसंग अंस गरी ढांट छुचाहरूले पनि नपाउन्या गरि आफ्नु इज्जत हुर्मत राषी पछिसम्म षान हुन्या बन्दबस्त बाँधी फरक रहन्या काम गर्नु भया बढीया होला] (यो कोष्ठबद्ध वाक्य काटेर त्यसमा तलको पाठ छ-) 'आफुले येकोहोरो मीलाप गरी पुग्दैन वाहाबाट जस्तो राहा गरी बक्सनु हुन्छ. आफ्नु बेहत्तर हुन्या काम हजुरबाट गर्नुहुन्यैछ'.

तर भरिसक्य मुमासंग बेत्यास पर्न नपाउन्या पाठ गर्नुभया ताहालाइ बेहत्तर छ. मबाट दिनुपर्न्या मद्दतहरू हुन्यै छ. सन्देह मान्नु पर्दैन १०।१२ मुरूम कानपुरि बेस आजकाल तयार भै रहेछन्. बाजिमा पनि बढिया रह्याछन् तिमीलाइ नसोधि खाना गर्न सक्याको छैन . षत् आया रवाना गर्दा हुँ भनि लेषी आयाका अर्थ असल ठुला नामी उमेरदार लडाकी छन्. भन्या पठाइबक्सनु होला. असल ठुला नामी उमेदार लडाकी छैनन् भन्या नपठाइबक्स्या पनि हुन्छ.

कान्छी महारानीको दुःखदर्द

श्री

श्री जङ्गनाथ श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजी

२ १

स्वस्ति श्री सरदार सिद्धिमानसिं के आसिक उप्रान्त. तैंले पठायाका चिठि आई पुग्यो विस्तार सबै बुझ्या — १— को मेरा उपर मेहरमानि छ. माहारानी वस्याका सहरमा दलबहादुरलाई आउन नदिनु. महारानीलाई सहरदेषि निक्लन नदिनु भन्यें हुनाले दुनिजामा मेरो वेईजति भयो ...१... गदिमा राज गर्‍येको ममारषि म ईजत्. माग्छु. माहारानी. वस्याका सहरमा दलबहादुरलाई आउन जान दिनु. महारानीलाई तिर्थ गर्न जान दिनु नरोक्नु भने —१— का हुकुम् रजिडंटलाई भया मेरो. वदनामि मेटिदो हो ...१— को यक वचनको दालिद्र छ मैले र. करवर पाया जस्तो हुनेछ १ को वेहतर हुने जो काममा. मुठि फिराउने छैन. म सरन्मा पर्‍येको छु उंधार गर १— सग विन्ति गरि देउ. वनारस सहर बदर भयाको छ. अब वाहालको हुकुम् भया मेरो वदनामि हिन्दुस्थानमा मेटिदो हो. चंडाल रणेन्द्रले र. धाम तिर्थ गर्‍ये पछि ताहा नआई जाने ठाउ काहा छ. चंडाल रणेन्द्रको मोहरि कागत. भैंसि चढि आउन्ये बाहुनी सग थीयो. बडो मुस्किलले हात लाग्यो यसै ढिलो भयाको हो कागत् —१— मा हजुरमा चढाई देउ दलबहादुरको वास्तामा लेष्छे भन्ने परला चाकरको काम पियारो हुन्छ. चाम पियारो हुदैन. मालिकलाई कामको वास्ता रहंछ मेरो वदनामि गर्ने अघि पनि चंडाल रणेन्द्र गोठ्यका चक्र हुन्. अब पनि—१—लाई छत्र चढाउन जादा यो नउमत् गरि राष्यको छ आजकाल. रणेन्द्र गोठ्य मेरा मुष हेरि हासेर. मेरा जङ्गबहादुर सहाय छ. भने हुंथ्यो नि क्या भो. हामि संग मिल्याको भया यस्तो हुंथ्यो भनि मन्टो हलाउँछ मेरो मुषको कालो धोई देउ म जवाफ गरन पाउ —१— मेरा सहाय रह्याछं कि भंन पाउ वाहा पछि ताहीका सरनमा आउने छु. विन्ति गरि देउ सम्वत् १९१६ साल भादउ शुदि १ रोज १ शुभम्.

गोठेले वेइजत गर्‍यो भन्ने महारानीको दुखेसो

श्री १

स्वस्ति श्री मदति प्रचण्ड. भुज दण्ड. मण्डेतु. डण्ड. षरग. षण्डेतु. डण्ड. विरेन्द्र. मुडण्लो. डण्ड मुण्ड. मुण्डेति. मण्डिता-वनि षण्ड डण्ड कृत्. अस्वीत्. इस्थापक. श्री श्री श्री श्री श्री महाराज जङ्गवहादुर कुवर राणाजी सा देवानाम् सदा. सग्रांम वीजयनाम् उप्रान्त आश्विण शुदि ४ रोज ६ का दिन ताहावाट पठायोको कागज् आज आहा आइ पुग्येछ र साहेब मोसित आङ्कन मुकावीला गर्‍यो. यो कागत् काहा पाइथिस् भनि सोध्यो र. प्रयागमा. दुवारिका छोरा. मर्दा. उस्को आलमाल. सबै ब्राह्मणि सग थीयो जव प्रयागमा. रौला भयोथ्यो. सबैको कागतजात असवाफ हाम्रा मकानमा. राष्येको थीयो. सिकरोल लुट् पिट् गर्दा दुवारिको मुटुरा ब्राह्मणि सग रहेछ मुटुरा षोल्दा षेरि देष्ये र. मैले लीजे थ्ये. यस्ता कागत मेरा साथमा राषने होइन भनि कन भेजि दिजे भनि साहेवलाइ जुवाफ दिजे र साहेवले जङ्गवहादुर आफके क्या है. व कौन है. आफने अैसा भेषा. उस्के. हुकुम्. हुकुम्. आफ क्या कहते है. हुकुम् त. माहाराजका होता है. उस्के क्या हुकुम् भन्दा. माहाराज जङ्गवहादुरका हुकुम्ले नत दौरंछस्. भनि दिजे. अव र. मेरा उपर फर्‍ये वहुत लागि रहेछ तीम्रो वेहतर गर्दा मेरो वेइजतिको सामान हुन लागि रहेछ. कचहरिमा पनि षियाउछु भन्छन्. गोठ्येले गछे र मेरा उपरका जोर जुलुम गर्न लागि रहेछ रानिले त्यो मोहर जालसाज गरि लेषि भेजेको हो. जाल सावुत गराइ यस्को वेइजतीको सामान वंन लागि रहेछ. तीम्रा सरनमा. जो जो पर्‍यैका छन् अदनाहरूलाइ पनि तिमिले वेहत्तर गरि दियको छौ मेरो मुषमा दुष्मनले कालो लायाको. अघिको त्यो पनि धोइला. कचहरिमा. मेरो बदनामिको कागत्. जा जजो छ. त्यो पनि फराइ देलाउ मेरो वनामि मेटि देलाउ भन्ये मैले तीम्रो वेहत्तर गर्‍येको छु तीम्रो ठुलो भरोसा छ. मेरो कोहि छैन. फेरि मेरो वेइजति हुन नपावस्. आहा र मलाइ घरवाट निस्कन दिदैनन् आहा र मेरा सवै दुस्मं भयो यो सहरवाट जान आउनको षुलासा गरि दिये. फर्‍येव.

वाट बाचदा हुँ कि मन्ये जस्तो लाग्छ तीओ सरनमा पऱ्याको छु जो गछौं सम्वत १९१६ साल मिति आश्विन सुदि ८ रोज ३ शुभम् ८

[यसमा जङ्गबहादुरलाई तीन वटा श्री मात्र हुनुपर्नेमा पत्रमा पाँच वटा श्री उल्लेख छ - सं.]

श्री

गुरुप्रसाद शाहलाई निम्तापत्र

स्वस्तिश्री गिरीराजचक्रचुडामणीनरनारायणेत्यादि विवीध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराजकुमार श्री श्री श्रीरणेन्द्रविक्रमसाहवहादुर सम्सेर जङ्गदेवानां सदा समर विजइनां कस्य पत्रम् –

स्वस्ति श्रीमतमहाराज धिराजकुमार कुमारात्मज श्रीमच्चौतरिया गुरुप्रसादसाहके सलाम इत नीक ताहा कुशल चाहिन्छ उ भयो कुसलं च उप्रान्त श्रीराजा पिर्थीसिंह आवागढसित मेरो श्रीमैजाको विवाह ठहराइ मी: वैशाष् सुदि ७ का दिन रसुम् साही मुन्द्राको गरी तिकल चढी सक्यो अब मी: जेष्ठवदी ४ रोज ४ का दिन विवाह को लगन ठहरी रहेछ तसअर्थ तिमीलाई नेवोता गरी चिठी लेखी पठायाको छ विवाहको दीन यहा आइ पुग्या वहुत बढीया हुदो हो .

मी: वैशाष सुदि ८ रोज ७ सम्वत् १९२१ मुकां वनारस शुभम्

गोठूको गुरुप्रसादलाई धाक

श्री ५ सहिलासाहेवज्यू

१

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्रीमत् चौतरिया गुरुप्रसादशाहवर्मणेषु इत स्वस्तीश्री सर्वोपमायोगात्यादि सकलगुण गरिष्ट राजभारोधरन सामर्थ; श्री कपतान् गोठुसि वस्त्यात्कस्य सलामपूर्वकपत्रमिदं आगे-उप्रान्त जेष्ट वदि ४ रोज ४ का दिन — ... १ ... ... का मैजा साहेवका विवाह आवागढका महाराजासंग गराउने पाठ मैले गराजां औ खानादानाका वन्दोवस्त पनी महाराज वेतिया वहादुरका दरवारबाट मैले गराउने पाठ गराजां तस अर्थ यो खुस खवरी तपाजीलाई मैले लेखेको हुँ येती नज्याल तपाजीलाई कैले पनि अझसम्म खत मैले लेखेको थीन सिपाही बच्चाले येउटा ठाउनमाइ उसै खत लेख्न योग्य हुदैन. अब ठाउ हुन जादा छाती खोली खुस खवरी तपाइलाई लेखन पाजां पुर्खाका पुन्यले तर बेतियामा म कामले गरी वसदा महाराज बेतियाका पटाङ्गिनीमा तपाइले मलाइ छेडनु भयो थ्यो यादै होला उस वेला जवाव दिने मौका थियन उसै चुपो लाग्यां तस अर्थ येति पौरख गरीा अब म तपाजीलाई लेखी जवाफ दिन्छु कि तपाइले मलाइ छेडनु त कोइ तरहले ठाउँ छैन केन भंनुहोला आज गोठुले जङ्गेको मुखमा जुत्ता माऱ्यो केन भने आफुले निमेक खायाका ठाउमालिकका छोरिलाई खस पाजिलाई हात हालने वाटो राखन दिन दोश्रो नामर्द भैकन खस पाजीसङ्ग हात थपाइन भने पछि यतीको पौरख तपाइँहरूबाट होइसकेन र आज तेस बुढेसकालमा जङ्गे पाजीको हातको भात खाइ छोरि वहिनी दीकन गुजारा गरी बसनु भाको छ . भने पछी कुन नाखले गोठुलाई छेडने वाटो छ र छेडनु भयोथ्यो तर सेखि गऱ्यो भंनु होला अँले गोठुले यती काम गरी सेखी गर्ने मानिस होइन . मैले येउटा जवाव दियाको मात्र हो सेखि त अझ तिन चार महिना पछि गरुँला जव जङ्गबहादुर राणाका स्वासनीलाई राडी तुल्याउला तव सेखि गरूला देखिरहनु होला वैठाइन्छ तर अब उप्रान्त मलाइ छेड खान नगर्नु होला मर्द बच्चा हुँ जङ्गेको चक्र नैपालमा उलाटा– उने मकसदमा कमर बाँधीयाको छ . भने पछी अरू जावाको केही हिसाब राखिने छैन सम्हलेर बोलनुहोला नत्र पछी पछुताउनु पर्ला ज्यादा क्या लेखु थोरैमा वहुत समझनु चाहिन्छ और तपाइलाई — — — ... १ ... ... — बाट निमता जादा पनी हाजिर नहुनु यो जोग्य होइन . तर येतावाट निमता गयेको पनि सिरिफ आफनु सिलसिला देखाउन निमित्त हो . नत्र तपाजी आहा निमतामा आयेपनी क्या आखिरत . खस–संग भात खाइ छोरि वेटि दी तपाजी खस वनी सकनु भयेकै छ . ज्यादा क्या लेखु आजै महाराज आवागढ जौवांइ साहेवको सङ्ग हिंडे . जल्दा जल्दीमा थोरै हाल लेख्या अवको चार महिना पछि फेरी भारी पौरख गरी–

श्री रणेन्द्रविक्रम शाह

गोठू वसनाथ

कन तब तपाजीसङ्ग मुलाकात गरी उसवखत अझ दुइ चार वात गरूँला शुभम् श्रीसम्वत् १९२१ साल जेष्ट वदी १० रोज ३ मुकाम बनारस —

गोठूको जङ्गबहादुरलाई धम्की :

श्री ३ साहिला साहेवज्यू

१

स्वस्ती श्रीमदतीप्रचण्ड भुजदण्डेत्यादी श्रीमहाराज-जङ्गबहादूर राणा प्राइमिनिष्टर आइण्ड कम्याण्डर इन्चिफषु इत स्वस्ती श्रीसर्वोपमा जोग्यत्यादि सकलगुणगरिष्ट राजभाराधरन सामर्थ . श्रीकपतान् गोठुसिंह वस्न्यात्कस्य सलामपूर्वक पत्र मिदं आगे जेष्ट वदि ४ रोज ४ को दिन जाहा————का मैंजा साहेवका शादी आवागढका महाराजसंग गराउने पाठ मैले गराजा और खानादानको वन्दोवस्त पनी महाराज वितीयावहादूरका दरवारवाट गराउने पाठ मैले गराजा तरु अर्थ यो खुस खवरी मैले तपाइलाई लेखेको हुँ. येतिन्ज्याल मैले रूत तपाजीलाई लेखेको थीन. सिपाही वच्चाले येउटा ठाउ नपाइ . उसै लेखन योग्य हुंज अव ठाउँ हुनीले छाती खोलि खुस खवरि लेखनपाजा पुर्खाका पुण्यले तर लखनौवाट फर्की तपाजी जाहा वनारसमा सिकरौलका कोठिमा वसनु हुँदा गोठु तेरो बाबु रनभद्रे हो ढोक दे भनी मलाइ छेडनुभयोथ्यो तपाइले तर उसबेला जबाब दिने मौका थिन. चुपो लाग्या उसै निम्ति येति पौरख गरी अब म तपाजिलाई लेखछु कि ऐक बाबुको बीज रहेँछु र न आफुले निमेक खायाका जगा मालीकका छोरी तिमलाई हात हालनबाटो राखन दिन न त नामर्द मैकन तपाइको हात थापने बाटो राख्या भनेपछि गोठु खास आफनै बापको बेटा रहेछ कि कसो भनि निसाफको मौका येहि हो मलाइ यसो भन्यो भनि तपाइ भनु होला. तपाजि त यस्तोको बीज पैदा हुनै हुन्न भनि आफनै मुखले कबूल गर्नै हुन्छ . ज्यादा के लेखू थौरैमा समझनु चाहिन्छ और आवागढका संग कामले गरि जानुपर्दा जलदिमा यो खत तपाजिलाई थोडै हाल लेख्याँ श्रीसम्वत् १९२१ साल मिति जेष्ट वदि १० रोज ३ मुकाम बनारस शुभम्

श्री

विजयराजको बेइज्जती

श्री पृथ्वीनारायण शाहा महाराजका.	श्रीमान् साहिला साहेबज्यू
२	१

रङ्गनाथ गुरूज्यू

३

स्वस्ति श्रीब्रह्म कर्मसामर्थ पण्डितराज श्रीगुरु विजैयराज गुरुज्यूके इत स्वस्ति श्रीसर्वोपमा जोग्यत्यादी सकलगुण गरिष्ट राजभारोधरन सामर्थः श्रीकपतान गोठुसि बस्न्यात्के शाष्टाङ्ग दण्डवत्—

उप्रान्त आगे जेष्ट वदी ४ रोज ४ का दिन जाहा — — १ — — का मैंजा साहेबका विवाहा आवागढका महाराजसित गराउने पाठ मैले गराजा और खानादानाका बन्दोवस्त पनि इजत साथ महाराज वेतिया बहादूरका दरबारबाट गराउने पाठ मैले गराजा तस अर्थ यो खुसखवरी तिमीलाई मैले लेखेको हुँ आजसम्म कैले पनी तिमिलाई खत लेखेको थीन केन भने सिपाही बच्चाले येउटा पौरख नदेखाइ उसै चिठि लेखनमा मनासिब हुदैन . अब येति पौरख गरि छाती खोली तिमिलाई चिठि लेखन पाजा पुर्खाका पुण्यले केन भने आफना मालीक आफुले निमेक खायाका जगामा मालिकका छोरीलाई येस्तालाई हात हाल्ने बाटो राखन दिन दोस्रो येस्तासङ्ग हात थापी खानु पारीन भने पछि जो सेखिगर्नेको मुखमा गोठुले जुत्ता मार्‍यो कि मारेन तजबीज गर्नु चाहिन्छ. दोस्रो हाम्रा मालिकलाई कासीमा हाडि थपाइ छोडुला तव म विजैराज भनी सेखि गरथ्यौ त्यो सेखि कता गो अब तिमिहरूको चक्रबाट मालिकलाई साफ बचाइयो . कलपवृक्षको छायाँमा राखियो . मालिकलाई भने पछी छाती खोली जबाब गरिन्छ अब तिमी हत्यारालाई क्या मानिन्छ अघि — — २ — — बखतमा तिम्रा बाफ दादाले आफनी छोरी हनुमान्ढोकामा पटकेर मार्नेको

संताव हौ. फेरी ब्रह्महत्यारासंग भात खाने येस्तालाई ब्राह्मण भनींन येस्तालाई चण्डाल भनींछ. येस्ताका हातको भात पानी चल्दैन म गुरू हुँ भनी क्या घमंड गर्छौं. श्रीपण्डितराज ...–३... भन्दा ठुलो क्या काम गऱ्यौ भने जाड र कुखुराका मासु खायौ तिमि कुजात बखत परेमा क्या हाम्रा मुख हेर्न सकलौ केहि दिनमा दस धार्नीको नजर चढाउला तब खुस होइबक्सनुहोला. श्रीसम्वत् १९२१ साल मिति जैष्ट सुदी १५ रोज १ शुभम् –

गोठूले बद्रीनरसिंहलाई उक्साएको

श्री

स्वस्ती श्रीमद्राजकुमारकुमारात्मज. श्रीजनरल श्रीश्रीश्रीबद्रिनरसिंह राणाजीके चरणयुगले षु इत स्वस्ती श्रीसर्वोपमाजोग्यत्यादी सकलगुणगरिष्ट राजभारा धरन सामर्थ श्रीकपतान गोठु बस्न्यात्कस्य सलामपूर्वक पत्रमिदं आंहा नीक आनन्द छ ताहा तपाजी निका आनन्द हुनुभया सब तरहले हामीलाई भरोसा हुनेछ. आगे उप्रान्त तपाजी हामी काठमाडोमा छँदा ममाथी अघि जस्तो मेहरमानगी राषनु हुंन्थ्यो अब पनि मेरामाथी उई निगाह रहोस् तपाजीले राजाका निमेक दुनिआलाई सुख हवस भने निमित्तमा ठुलो तकलीफ किल्लातक भयो तपाजीभंन्दा ठुलाले लगाइ सतरामे पाजीले जुत्ता उठायो तपाजी सेरबचा हुनुहुन्छ. छेत्रियलाइ इष भयेन सांपलाइ वीष भयेन भंछ तपाजीले सामेल छु तिमिहरूले सिध्यायापछि म तिमीहरूका अपसर भई. सहाये हूला भनी पक्का जमान दीनूहवस् राजा हूँ भनेलाई चार महिनाकाभित्र म कतल गरी ठंडा पारी दीन सकिन भने गोठु बस्न्यात् नाही ऐक बाबुको बीज रहेछ की दुइ बाबूको रहेछ राजा हुँ भनेलाई था होला केन लेषूं काम नभयी कदाचीत् खुल्ला भनिकन तरेनीसंग बटउलीका आयाथ्या गमन पर्दा बेतिया गजाँ र खानाका बंदोबस्त गरेर उसै फरक्या तर अब मैले बंदोबस्त उदोज गरने कुरा सब गरी कि पाऱ्याको छु. अब सिरिफ तपाइ तैले राजा हु भनेलाई नेपालमा तैले कत्तल गरी ठण्डा पाऱ्याको बखतमा म तिमीहरूको मदत गरुंला भनि तैयार रही बकसनुहोस् म येक दुइ तीन सिध्याउन्छु. कामले गर्दा जाहेर आफै हुनेइछ. ज्यादा का लेखु. थोरैमा बहुत सम्झनुहोला यो खत वाची फारी दिनुहोला श्रीसम्वत् १९२१ साल मिती आषाढ शुदि ४ रोज ६ मोकाम बनारस शुभम्––

बेइज्जतको बेहोरालाई अंग्रेज सरकारले सामसुम पारेको

याददास्त श्रीकर्नेल जार्ज रामजीसाहेब बहादुर रजीडण्ट मुल्क नेपालका तरफबाट श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणाजी० सी० वी० प्राइममिनिष्टर याण्ड कम्याण्डर इन चीफ साहेब बहादुर नेपालका नाममा तारीष १४ माह अक्तुबर सन् १८६४ इस्बि मुताबिक सम्वत् १९२१ साल मिति आश्विन शुदि १४ रोज शुक्रवार

हे मित्र सलाम र षुसिले भरियाका मुलाकातको वांछा पछि दोस्तीले भरियाका दिलमा जाहेर रहोस्कि तपाजी र तपाजीका भाइ जेनरल बद्रीनरसिंह कुवर राणा साहेबबहादुर औ राजगुरु साहेब र चौतरीया गुरूप्रसाद साहका नाममा आयाका छेडछाडका कुराका चिठीहरू जस्को लेष्न्या बनारसमा रहन्या कप्तान गोठु बस्न्यात् छ भनि तपाजीले ष्याल फर्माउनुहुन्छ. सो चिठी तपाजीले म दोस्त ति चिठीहरूका असल लेषन्याको पत्ता सुराग लगाइ उस्लाई सजाय दिलावस् भन्या दरषास्तसंग मेजर कप्तान करवीर षत्री क्षेत्रीमार्फत् म दोस्तछेउ पठाइदिनुभयाको थियो. उस कुरा बाबत म दोस्त अब दोस्तीको कलमले लेख्तछु कि. ठुला मान भयाका जनाब गौरनर जेनरल साहेबबहादुरबाट जारी भयाको हुकुम्बमौजिम बनारसका साहेब एजेण्ट गौरनर जेनरल बहादुरले यस् कुराको बेस गरी तहकीकात फरमाउनुभयो तर केही कुरा साफ जाहेर भयेन औ ति चिठीहरू कसले लेष्याको हो भंन्या सबुतको केही दलील र बजहंस बुत पाइयेन. गोठु बस्न्यातले म ई चिठीको कुरा कत्ति पनि जान्दैन भनि

भंदछ औ गोठु भन्या लेषन् पनि जान्दैन. तसर्थ उस्ले आफना नाम् सही गऱ्याको होला भंनुलाई उस्को सबुत पनि केही मिल्दैन औ साहिला साहेवजीका मुन्सीको हाथको लेष्याको पनि इ चिठीहरू ठहर्दैनन् ---

हे मित्र गोठु कप्तानको नाम चिठी र लिफाफामा लेष्या रहनाले ति चीठी गोठुले लेष्याको हो भनि साबीत हुन्दैन. बरू चिठी र लिफाफा माथी गोठुको नाम भया-काले म दोस्तको दिलमा उसै बषत् इ चिठी गोठुले लेष्याको होइनन्. दोस्त्रा कोइ मानीस् गोठुलाई फसाउना र उस्को नास गर्नालाई इ चीठी लेष्याको होला भनि ठीक जस्तो लाग्यो. षराप कामको सल्लाह गर्न्याहरू. कदाचित् दोस्त्राका हाथमा चीठी पऱ्यो भन्या सबै कुरा जाहेर हुन्छ. यस् डरले. यस्ता तरह प्रगर चिठी र लीफाफा माथी आफना नाम लेःदैनन्. तसर्थ. गोठु कप्तान्ले कतलको सल्लाहमा जेनरल वद्रीनरसिंह कुवर राणालाई सरीक गर्न निमित्त जेनरल साहेव मौसुफका नामको चीठीको लिफाफामाथी तपाजीको दौलतषाना थापाथलीको ठेकाना लेषी. रवाना गरला औ लिफाफामाथी आफना नाम लेषला विसेष गरि तपाजीका र दोस्त्रा दोस्त्राका नाममा छेडछाडको चिठी रवाना गऱ्या पछि यस्तो काम गर्ला. यो कुरा प्रतित हुन्दैन.

जस् मानिसले येक चिठी लेष्याको छ उसैले सबै ति चिठी लेष्याको छ भनि साफ जाहेर छ. औ जेनरल वद्रीनरसिंह कुवर राणाको नामको चिठी तपाइको हाथमा परोस् भन्या इरादा उस्को थियो. उन्का घरमा जान्द आउछन् सबैलाइ मालुम भयाको होला ..

बनारसको एजेण्ट बहादुरलाई प्रतीत भयाको छ कि इ चिठीहरू गोठुले लेष्याको होइन म दोस्तको राय पनि यस्तै छ. केही दगाबाज मानिसले गोठु कप्तानलाई नोक्सान पहुचाउनालाई उस्को नाम लेषी दीयाको छ बनारसका साहेब एजेण्ट गौरनर जेनरल बहादुरलाई सुवहा छ कि साहिला साहेबसंग नेपालका महारानीसाहेब औ. काहिलासाहेब दुस्मनी राख्दछन्. ई दुवैका कोही नौकर चाकरले ई चिठीहरू लेख्याको छ. तर यस्को सबुत त केही साहेब मौसुफलाई मिल्दैन

गोठु कप्तान चौत्तरीया गुरूप्रसाद साहका भाइ दलप्रकास काहिला साहेबसंग बस्तछ. मसंग वडो दुस्मनी राख्तछ. उमैले इ चिठी लेष्याको होला भनि सुवहा गर्दछ. तर यसको केही सबुत दिन सक्दैन ---

साहिला साहेब आदि नेपालका राजकुमारहरूलाई बनारसका साहेब एजेण्ट बहादुरले आफना पास डाकी भनिदियाकाछन्. कि तपाजीहरूका नौकर चाकर कोही चिठी. यस्ता तरहको महाराज जङ्गबहादुर राणा जी० सी० वी० और कोही नेपाल दरवारका अहलकारका नाममा लेषन पाउन्याछौ राजकुमारहरूले ई चिठी कसले लेष्याको छ हामीलाइ कत्ति पनि थाह यस्को छैन भनि भन्नुभया. बरू साहिलासाहेब यस कुरामा बडो फिकिरमन्द छन्. जो कोइ ई चिठी लेषन्याको सुरागको खवर देला म २०० रुपैया ईनाम दिन्या साहिला साहेबले यकरार गर्नु भयाको छ.

कौन्सीलमा इजलास भयाको ठूला मान भयाको लाट गौरनर जेनरल साहेबबहादुरलाई तपाजी माथी यस्ता छेडछाडको कुरा भयाको बडो अफसोस छ. तर जो कुछ भया यसभंन्दा ज्यादा केही उपाई गर्नु सकदैनन् औ म दोस्तलाई यस्ता यस्ता चिठी यहाँ आया देषी उन्हेरूलाई नपढी च्याती अफाली दिनु चाहिछ भनि तपाजीलाई

ती चिठी मध्ये १ मा श्रीसाहिलासाहेबबाट चौतरिया गुरुप्रसाद साहका पास नेवताको चिठी गयाको कुराको जो जिकीर छ. सो उस्ले गोठु कप्तानलाई यो कुरा मालुम रहेछ. ई चिठीहरूको हाल उस्लाई मालुम होला भनि साबित हुन्दैन केन भन्या श्रीसाहिला साहेब. यो नेवताको चिठी मेरो हो १ नौकरको हाथमा दी. बेतीया पठायाको हो भनी भन्दछन्. यस्ता भया. नेवताको हाल साहिला साहेब र काहिला साहेबको नौकर चाकर सबैलाई र वरु. जो जो मानिस्

सल्लाहा दिना निमित्त हुकुम भयाको छ.

तपाइले पिछला फेरा म दोस्तछेउ पठाई दियाको श्रीसाहिलासाहेबले लेख्याको चौत्तरीया गुरूप्रसादसाहको नामको नेवताको चिठी १ र चौत्तरीया मौसुफका नामको गोठु कप्तान भंन्या लेष्याको चिठी १ म दोस्त तपाजी छेउ फर्काइदिन्छु. अर्का चिठीहरू ठूला सर्कारमा छन् यहा आर्यापछि पठाइ दिउला शुभम् --

(यस पछि सं. १९२१ कार्तिक वदि ६ रोज ५ मा कर्नेल जार्ज रेम्जेले जङ्गबहादुरका विरोधमा गोठु बस्नेट्ले लेखेका सकल चिठीहरू सबै पठाइ दिए – गुरुप्रसादको निम्ता १, गोठुको निजके चिठी १, जङ्गबहादुर निजैको चिठी १, विजयराजको चिठी १ जङ्गबहादुरलाई ब्राह्मण भन्नेले लेखेको १ (सो यहाँ छैन) बद्रीनरसिंहलाई लेखेको १)

(पत्र उर्दू र नेपालीमा छन्। दुवै पत्रका अन्त्यमा 'रेजिडण्ट जी. रेम्जे' भन्ने अंग्रेजीमा सही र छाप पनि छ।)

(साहिला साहेबज्यूले पठाएको निम्ता पत्रमा ससाना सुनटीकी लाएकाछन् राष्ट्रिय अभिलेखालय परराष्ट्र मन्त्रालयका सौजन्यबाट यो पत्रका प्रतिलिपि प्राप्त भएका हुन्। यी पत्र सार्न केशव गौतम, सन्तोषमणि नेपालले मद्दत गरेका छन्। यो लेखमा नपुग प्रमाणका लागि यी भन्दा अरू पत्र पछि प्रकाश गरिने छन्।)

राजा महीन्द्रसिंहदेव (भाष्कर मल्ल) को तमसुक ताडपत्र

-श्यामसुन्दर राजवंशी

परिचय:-- कान्तिपुर तथा पाटनका राजा महीन्द्रसिंहदेव मल्लको ताडपत्र उपलब्ध भएको छ। यो ताडपत्र पाटनमा शासन गरेको वेलाको थियो। यो ताडपत्र राष्ट्रिय अभिलेखालयको वट्टा नं. ६४ ताडपत्र संख्या ९४९ नेपाल सम्वत् ८३९ नष्टाश्विनकृष्ण ११ तिथिको छ। ती महीन्द्रसिंहले पाटन वखन वहालको कायस्थ विष्णुहरि भारोलाई गरिदिएको तमसुक ताडपत्र हो। त्यसको लम्बाइ ४५ से. मी., चौडाइ२.२ से.मी. (१८ इञ्च लम्बाइ, १ इन्च चौडाइ) को छ । त्यसमा माटोको छाप लागेको छ । उक्त छापमा "श्री महीन्द्र" छ । र बीचमा सिंहको मूर्ति अंकित गरिएका छन्। ताडपत्रको अन्तिम भाग टुक्रिएर अक्षर अपुरो भएको छ।

मूलपाठ:-- (१) स्वस्ति ।। श्री माणीग्लाधिपति महाराजधिराज श्री श्री जय गजपति महीन्द्रसिंह देव प्रभु थाकुरसन वखन वहार गृह निवासी ग्राहक कायष्ठ विष्णुहरि भारो नाम्ने प्रसादीकृत वोगाड षुसि क्षेत्र नाम प्रदेशे श्री बुंगदेव भट्टारकासव स्वथ अमात्य ---

(२) (भा) रोसवद्वयो क्षेत्रेण पश्चिमतः वलछें भवानी शंकर क्षेत्रेणो त्तरतः श्री राजया क्षेत्रेण पूर्व्वतः क्षेत्रेण दक्षिणत एतत्मध्ये तत्क्षेत्र पंचरोपणिक रोवडा ५ पुनर्नागाड वातिका पादो न त्रय कर्षाङ्क कर्षनसि २ जव स्व ३ तौ .. --

(३) यथानगरकार प्रवर्त्तमानेन सुवर्ण्ण पुष्प मारार्धमोहोर टंका स्वइल इल मस्व ३१३ शुकि १ आदाय स्वाधिना वर्त कन्यायेन क्री विक्रीण प्रसादी कृतं अत्रप--त्रार्थे दृष्ट साक्षि श्री जगतजय मल्ल थाकुरस सं. ८३९ नष्टाश्विनी कृष्ण ११ राज दैवज्ञ मत्सेन्द्र राज...

भावार्थ:- कल्याण होस् ।। श्रीमाणीग्लका अधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्रसिंह देव प्रभु ठाकुरबाट वखन वहारको घरमा बस्ने ग्राहक कायस्थ विष्णुहरि भारोको नाउँमा निगाह भएको वोगाड खोला नाम भएको ठाउँको श्री वुंगदेव भट्टारक र स्वथ-टोलको अमात्य भारोको खेतदेखि उत्तर श्रीराजको खेत-देखि पूर्व र त्यही खेतको दक्षिण यतिमध्ये त्यो खेतको पाँच रोपनी ५ फेरि नागाड वारि एक पाउ घटी ३ कर्ष अर्थात् कर्ष २ जव ३ यति देशकालको चलन अनुसार सुनको भाउ बमोजिम मोहर रुपैयाँ तीन सय तेह्र ३१३ सुकी १ ले आफ्नो हक मुताबिक बेच बिखन गरियो । यस पत्रको देखी जान्ने साक्षी श्री जगज्जय मल्ल ठाकुरलाई राखिएको छ। नेपाल संवत् ८३९ नष्ट आश्विन कृष्ण एकादशी राजदैवज्ञ मत्स्येन्द्र राज (लेखक)

टिप्पणी:-- नेपालको इतिहासमा इतिहासकारहरूले निर्णय गरे अनुसार भाष्कर मल्ल र महीन्द्रसिंह देव एकै व्यक्ति हुन् ।[1] यिनको जन्म ने. सं. ८१६ (वि. सं. १७५३) मा भएको थियो ।[2] यिनका पिता भूपालेन्द्र मल्लको मृत्यु ने. सं. ८२१ वि. सं. १७५८) कार्ति-

कमा हुँदा यिनी ५ वर्षको उमेरका थिए । त्यही उमेरमा कान्तिपुरको गद्दीमा आसीन भएका थिए । यिनी त्यस वेला नाबालक हुनाले मुमा महारानी भुवन लक्ष्मीले राज्यको सम्पूर्ण वागडोर लिएर नायवी शासन चलाए ।[३] हुनत भूपालेन्द्र मल्ल जीवित छँदै ने. सं. ८१८ (वि. सं. १७५५) को भाष्कर मल्लको नाममा मोहर प्रकाशित भएको पाइन्छ । यो कुरा कुनै उपलक्ष्यमा भूपालेन्द्र मल्लले आफ्नो छोराको नाममा मोहर निकालेका होलान् भन्ने इतिहासकारहरूले अनुमान गरेका छन् ।[४]

भाष्कर मल्ल जवान अवस्थामा पुगेपछि एकदम चंचल स्वभावका र साहसी बन्न पुगे । यिनलाई हात्ती पक्रने काममा निक्कै शौख थियो । यिनले तराईमा गई हात्ती पक्रेर ल्याउने गर्दथे । फलस्वरुप यिनले निक्कै पुरुषार्थ कमाएको हुनाले आफ्नो प्रशस्तिमा "स्वविक्रमो पार्जित गजपति पद विराजमान श्री श्री जय महीन्द्र सिंह देव" भनी लेख्न थाले ।[५] ने. सं. ८३५ मा प्रकाशित भएको मोहरमा एकापट्टि श्री श्री जय महीन्द्र र अर्को पट्टि सिंहदेव ८३५ नेपालेश्वर गिरीन्द्र अंकित पाइन्छ ।[६] फेरि ने. सं. ८३७ (वि. सं. १७७४) मा प्रकाशित भएको यिनको मोहरमा अधिल्लोपट्टि "श्री श्री जय महीन्द्र" तथा पछिल्लोपट्टि "सिंहदेव ८३७ श्री श्री कलु-नामय" अंकित भएको पाइन्छ ।[७]

प्राप्त ताडपत्र तमसुक पनि तिनै राजा महीन्द्रसिंह देव मल्लको हो । उक्त ताडपत्र तमसुकमा माटोको छाप लगाएको छ । त्यसमा "श्री महीन्द्र" लेखिएको र बीचमा सिंहको मूर्ति अंकित हुनाले श्री महीन्द्रसिंहदेव भन्ने नाम पूरा संकेत मिल्छ । तसर्थ श्री भाष्कर मल्ल जवान भएपछि नाम परिवर्तन गरी श्री महीन्द्रसिंह देव राखिएको थियो भन्ने यस पत्रले पुष्टि गर्छ । यो ताडपत्र ने. सं. ८३९ (वि. सं. १७७६) मा तयार गरि-एको थियो । यसमा "श्री माणीग्लाधिपति महाराजधि-राज श्री श्री जयगजपति महीन्द्र सिंह देव" उल्लेख भएको छ । यसबाट ने. सं. ८३९ (वि. सं. १७७६) मा यिनी पाटनमा राजा भएका थिए भन्ने स्पष्ट बुझिन्छ ।

पाटनमा योगनरेन्द्र मल्लको मृत्युपछि ने. सं. ८२६ (वि. सं. १७६३) कार्तिकमा भएपछि उत्तराधि-कारी कोही नहुनाले योगमतीका छोरा लोकप्रकाश मल्ल राजा भए ।[८] योगमती योगनरेन्द्र मल्लकी सुपुत्री थिइन् । योगमतीको नायवीमा लोकप्रकाश मल्लको पनि चाँडै मृत्यु भयो । त्यसपछि जयइन्द्र मल्ल पाटनका राजा भए । यिनी योगनरेन्द्र मल्लका भानिज थिए । यिनको पनि करीब ३ वर्ष राज्य चलेपछि चाँडै मृत्यु भयो ।

यसरी इन्द्र मल्लको मृत्यु भएपछि महीन्द्र मल्ल भन्ने राजा भए । ती महीन्द्र मल्ल योगनरेन्द्र मल्लका एक रानीपट्टिका पुत्र थिए । योगनरेन्द्र मल्लको मृत्यु हुँदा रानी गर्भवती नै थिइन् । तिनलाई इन्द्र मल्ल पक्षका भारदारहरूले देशनिकाला गरिदिएका थिए । त्यसकारण तिनी गोरखामा गई शरण लिएर बसेकी थिइन् । पाट-नमा इन्द्र मल्लको मृत्युपछि महीन्द्र मल्ललाई राजा बनाउन गोरखाका राजा पृथ्वीपति शाहले पठाएका थिए । यदि भारदारले महीन्द्र मल्ललाई राजा स्वीकार गरेन भने गोरखाले हस्तक्षेप गर्ने समेत धम्की दिएर ल्याएका थिए भन्ने इतिहासमा उल्लेख पाइन्छ ।[९]

ने. सं. ८२९ (वि. सं. १७६६) मा पाटनमा प्रकाशित भएको मुद्रामा अधिल्लोपट्टि "श्री श्री जय वीर महेन्द्र मल्ल ८२९" र पछिल्लोपट्टि "श्री श्री लोकनाथ नमः" अंकित भएको पाइन्छ । फेरि यही ने० सं० ८२९ कै मोहरमा अधिल्लोपट्टि "श्री श्री लोक-नाथ" र "श्री श्री वीरनरसिंह मल्लदेव" तथा पछि-ल्लोपट्टि "श्री श्री योगमती" र "८२९" अंकित पाइन्छ । यस कुराबाट लोकप्रकाश मल्लको मृत्युपछि पनि योगमतीलाई नायवी भई राज्य भोग गर्ने इच्छा तीव्र भएको बुझिन्छ ।[१०]

तर वीरनरसिंह मल्लदेवसित राजकुलको के सम्बन्ध छ र यी वीरनरसिंह मल्लदेव को थिए ? भन्ने कुरा थाहा हुन सकेको थिएन । परन्तु यिनी गोरखाबाट पठाइएका महीन्द्र मल्ल नै योगनरेन्द्र मल्लकी रानीका पुत्र नै वीरनरसिंह मल्ल होला भन्ने बुझिन्छ । किनभने यिनी राजा हुन आएको वेला शायद बालक नै हुनसक्छ ।

तसर्थ योगमतीले यिनी महीन्द्र मल्लको पनि नायवी भई शासन चलाइन् ।

यी महीन्द्र मल्लको पनि केही वर्षपछि नै मृत्यु भयो । त्यसपछि ऋद्धिनरसिंह मल्ल राजा भए । राजा ऋद्धिनरसिंह मल्लको पनि चाँडै मृत्यु भएको हुनाले पाटनमा रिक्त हुनआएको राजसिंहासनमा कान्तिपुरका राजा श्री श्री नयमहीन्द्रसिंह मल्ल देव (भाष्करमल्ल) बसे । योगनरेन्द्र मल्लको मृत्युपछि करीब १३ वर्षको अवधि सम्ममा पाटनमा ६ जना राजाहरू फेरिए, जसबाट पाटनको राजनैतिक अवस्था कति कमजोर हुन गएको थियो भन्ने महसूस हुन्छ ।

यिनको राज्यकालमा कान्तिपुरमा मुसलमानहरूको निकै दबदबा भइसकेको थियो । यिनी तराईमा हात्ती पक्रन जाँदा मुसलमानहरूसित यिनको दोस्ती हुन गएको थियो र मुसलमानहरू धेरै कान्तिपुरमा हुलिए । यिनले काजी झंगल ठाकुरलाई बरखास्त गरी उनको पदमा मुसलमानलाई काजी बनाए । यसबाट देशका स्थानीय बासिन्दाहरू र भारदारहरूले ठूलो विरोध गरे । नेपाली जनताले आफ्नो हिन्दू धर्ममा खलल आइपर्ने देखेर मुसलमानहरूलाई देश निकाला गर्ने संघर्ष गरे । फलस्वरुप नेपाली र मुसलमानहरूका बीच निकै काटमारको युद्ध चल्यो । अन्तमा मुसलमान पराजित भएर ज्यान जोगाई भाग्नु पऱ्यो । यस्तो गृहकलहले अराजकता भइराखेको वेला भक्तपुरले कान्तिपुरको इलाका चाँगु नजीकैको दुवाकोटमा चढाइ गरे । परन्तु कान्तिपुरले तिनीहरूलाई भगाए । पछि महीन्द्रसिंह विवश भई पुनः पहिले पदच्यूत भएका झंगल ठाकुरलाई नै काजी पदमा नियुक्त गरे ।[11]

राजा महीन्द्रसिंह पनि ठूला भएपछि आफ्ना पूर्वजहरू जस्तै धार्मिक प्रवृत्तिमा लाग्न थाले । ने. सं. ८३२ कार्तिक कृष्ण सप्तमीका दिनमा आमा भुवनलक्ष्मी देवी र आफू मिली श्री ३ वज्रजोगिनीको ३ तले मन्दिर बनाउन लगाई गजूर जीर्णोद्धार गरिदिए । ने. सं. ८३४ आश्विन शुदि महाअष्टमीको दिनमा भाष्करमल्ल (महीन्द्रसिंह) ले तलेजु भवानीमा विधि बमोजिम पूजा गरी ठूलो घण्टा पनि चढाएका थिए । यिनले यात्रीहरूको सुविधाको लागि स्वयम्भूको दक्षिणतिर किण्डोल भन्ने ठाउँमा एक धर्मशालाको निर्माण गरेका थिए । यिनले ने. सं. ८२३ श्रावण २ शुदिमा भक्तपुरका राजा भूपतिन्द्र मल्लसंग आपसमा झगडा नगर्ने सन्धि पनि गरेका थिए जो आजसम्म भक्तपुर तलेजु मन्दिरको मूसचोकमा दक्षिण लाइनमा टाँसी राखेकी तामापत्रमा पाइन्छ ।[12]

यिनको राज्यकालमा कान्तिपुर एक किसिमले शक्तिशाली हुनगएको देखिन्छ । किनभने कान्तिपुरले आफ्नो देशमा गृहकलहले अशान्ति हुँदाहुँदै पनि भक्तपुरलाई युद्धमा हराएर फेरि पाटनमा ऋद्धिनरसिंह मल्लको मृत्युपछि रित्तिन आएको राजगद्दीमा भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई नराखी कान्तिपुरका महीन्द्रसिंह मल्ललाई राखिएबाट पनि यिनी योग्य पुरुषार्थी राजा थिए भन्ने ज्ञात हुन्छ ।

यिनको समयमा झंगल ठाकुर प्रधानमन्त्री थिए । मत्स्येन्द्रराज त्यसवखतमा राजदैवज्ञ अर्थात् राजपुरोहित थिए भन्ने कुरा प्राप्त ताडपत्रमा राजदैवज्ञ मत्स्येन्द्र राज उल्लेख भएबाट पुष्टि हुन्छ । यिनले विष्णुहरि कायस्थ भन्ने भारदारलाई भूमि बेचविखन गरेको उपर्युक्त ताडपत्र तमसुकमा श्री जगज्जय मल्ललाई साक्षीको रूपमा राखिएको छ । तसर्थ यिनी महीन्द्रसिंह निसन्तान भएको हुनाले यिनीपछि राजा हुने उत्तराधिकारमा श्री जगज्जय मल्ल राखिएको थियो भन्ने महसूस हुन्छ ।

राजा जवान भएपछि विलासपूर्ण जीवन बिताउन थाले । यिनका दुई जना रानी र दुई रखौटी मैजुरानी थिए तिनै चार पत्नीहरूसित रसक्रिडामा नै यिनको जीवन बितिरहेको थियो । त्यसै वखत देशमा प्लेगरोगको महारानी फैलियो । शताब्दीयौं वर्षपछि देखिन आएको ठूलो महामारी यिनको राज्यकाल समयमा पर्न आएको थियो । कान दुखने ,ज्वरो आउने यो महामारी रोगको लक्षण थियो । यो रोगलाई प्लेग रोगको महामारी भनिन्थ्यो । यो रोगले छोएपछि चाँडै मृत्यु हुन्थ्यो । यिनको समयमा आश्विनमा अधिकमास पर्न आएको थियो र त्यस वर्ष दशैंको चाड मनाउन नहुने ज्योतिषी नियम थियो । आश्विनमा अधिकमास परेको भन्ने कुरा प्रस्तुत

ताडपत्रमा पनि नष्ठाश्विनी भनी उल्लेख भएको छ । तर यिनले कुनै परवाह नगरी आफ्नै जिद्दीले चाड मनाउने घोषणा गरे । फलस्वरूप दैवी प्रकोप भएर यस्तो महामारी रोग फैलिएको थियो भनी तात्कालिक ज्योतिषीहरूको भनाइ थियो । राजालाई रोगदेखि पर राख्ना निमित्त काजी झङ्गल ठाकुरले किण्डोलमा सुरक्षित तवरले व्यवस्था गरी रानीहरू सहित राजा महीन्द्रसिंहलाई राखेका थिए । एकजना योगी आएर देशमा संपूर्ण ब्राह्मण, फकीर र गरीबहरूलाई इच्छापूर्ण भोजन गराऊ तब महामारी शान्त होला भनेर उपदेश दिएर गए । उपदेश मुताबिक काजीले सम्पूर्ण ब्राह्मण र गरीबहरूलाई बोलाई इच्छापूर्ण भोजन गराए । फलस्वरूप महामारी केही शान्त भएर गएको थियो । त्यस महामारी रोगले गर्दा १८७१४ व्यक्ति मरेका थिए भनी इतिहासमा उल्लेख पाइन्छ ।[13]

एकदिन एक ज्यापू (किसान) खेतबाट आइरहेको थियो र राजाले देखेर महामारी रोग अहिले कस्तो छ भनी सोध्न थाले । तब त्यस ज्यापूले महामारी रोग बिलकुलै शान्त भइसक्यो भनी विन्ती गरे । यति कुरा सुनेर राजा किण्डोलमा बन्दी सरह बसी रहन मन नलागेर झ्यालबाट हाम्फालेर भागी हनुमान्ढोका दरबारमा गए । राजाको साथसाथै रानीहरू पनि संगै गए । त्यही राति राजालाई त्यस महामारी रोगले छोएछ र त्यही रोगको शिकार भएर राजा महीन्द्रसिंहदेव (भास्कर मल्ल)को ने. सं. ८४२ (वि. सं.१७७९)को भाद्रकृष्ण ११ का दिनमा मृत्यु भयो ।[14] राजाको दाहसंस्कारमा दुई रानी र एक मैजु (रखौटी) राजासंग सति गए । यिनको मृत्युपछि प्रताप मल्लको वंशमा टूट हुन गई कान्तिपुरको राजसिंहासनमा अर्को वंशका श्री जगज्जय मल्ल बसे ।

पाद टिप्पणीहरू:-

१] 'इतिहास संशोधनको प्रमाण प्रमेय' को पृष्ठ ८७ – संशोधन मण्डल

२] 'नेपालको ऐतिहासिक कुण्डली' को पृष्ठ १७० – शंकरमान राजवंशी

३] "मध्यकालीन नेपाल" को पृष्ठ १३० – लीलाभक्त मुनकर्मी

४] 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' को पृष्ठ १६३ –सूर्यविक्रम ज्ञवाली

५] 'इतिहास संशोधनको प्रमाण प्रमेय' को पृष्ठ ८७ – संशोधन मण्डल

६] 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' को पृष्ठ १८९ –सूर्यविक्रम ज्ञवाली

७] 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' पृष्ठ १८९ –सूर्यविक्रम ज्ञवाली

८] 'प्राचीन नेपाल' संख्या १८, २०२८ माघको पृष्ठ ७ – नेपाल देशको इतिहास

९] 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'को पृष्ठ १८८ – सूर्यविक्रम ज्ञवाली

१०] 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'को पृष्ठ १८८ - सूर्यविक्रम ज्ञवाली

११] 'मध्यकालीन नेपाल'को पृष्ठ १३१ - लीलाभक्त मुनकर्मी

१२] इतिहास संशोधनको प्रमाण प्रमेय' को पृष्ठ ८६ - संशोधन मण्डल

१३] 'प्राचीन नेपाल संख्या ११ (२०२७ बैशाख) को पृष्ठ ४ - नेपालको इतिहास राजभोग माला

१४] 'प्राचीन नेपाल' संख्या १८ (२०२८ माघ) को पृष्ठ ७ - नेपाल देशको इतिहास ।

उदयपुर र यसको ऐतिहासिक परिचय

–भरतराज रावत

प्राचीनकाल :

प्राचीनकालमा यो जिल्ला पनि लिच्छवि-वंशको अधीनमा थियो भन्ने कुरा यहाँ प्राप्त लिच्छविकालीन मूर्तियुक्त अभिलेखले प्रष्ट पार्छ ।[1] लिच्छविकालमा यो जिल्ला उनीहरूको अधीनमा नभैदिएको भए यहाँ उक्त समयको मूर्ति र लिपि नपाइनु पर्ने हो । नेपालको विकट पूर्वी भेकमा पर्ने खोंचमा यस्तो महत्त्वपूर्ण शिलालेख पाउनुले यहाँसम्म उक्त वंशको अधिपत्य थियो भन्ने कुरा प्रमाणित गरेको छ ।

यसको साथै "लिच्छविकालीन अभिलेख" मा पनि लिच्छविकालमा उनीहरूको सिमाना पूर्वमा सप्तकोशी र पश्चिममा गण्डकीसम्म फैलिएको कुरा उल्लेखित छ ।[2] यो कुरा युक्तिसंगत देखिन्छ । किनकि यदि त्यहाँसम्म यिनीहरूको राज्य नभएको भए यस्ता दुर्लभ र महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरू नपाइनु पर्ने हो । अनुसन्धानले पत्ता लगाए तापनि आजसम्म लिच्छविकालीन ऐतिहासिक प्रमाणित सामग्री भने पूर्वमा दुम्जाभन्दा उता प्राप्त हुन सकेको छैन ।[3] सर्वप्रथम यस चर्चाकारले महत्त्वपूर्ण दुर्लभ सामग्रीहरू प्राप्त गरी प्रकाशित समेत गरिसकेको छ ।

अर्कोतर्फ भारतवर्षका सम्राट समुद्रगुप्तले प्रयागको स्तम्भमा कुमाउदेखि पूर्व र आसामदेखि पश्चिमको भूभागलाई नेपाल भन्ने संज्ञा दिएका छन् ।[4]

चिनियायात्री युआन्च्वाङ्गले नेपालको सिमाना बारे यसप्रकार व्याख्या गरेका छन् ।

"हिमालमा नेपाल रहेको छ. यसको घेरा ४००० लि. जति छ, त्यो देश पर्वत – वेसीहरूको तांतीले भरिएको छ, त्यसको राजधानी २० ली. को छ" ।[5]

---

[1] भरतराज रावत – उदयपुरमा प्राप्त लिच्छवि लिपि, काठमाडौं: गोरखापत्र, वि. सं. २०४२, जेष्ठ ५. ।

[2] लिच्छविकालीन अभिलेख: काठमाडौं: नेपाल तथा एशियाली अनुसन्धान संस्थान, त्रिभुवन विश्वविद्यालय, २०३० वि. सं, पृ. २७–२८. ।

[3] भरतराज रावत – गोरखापत्र, २०४२, ज्येष्ठ ५. ।

[4] लिच्छविकालीन अभिलेख:, पृ. २८. ।

[5] वाटरस्को : युआन्चवाङ्गको भारत यात्रा, दोस्रो खण्ड, पृ. ८३–८४. ।

अर्का धार्मिक भिक्षु डा० स्वामी प्रपन्नाचार्यले धार्मिक आधारमा अनादिकालदेखि नेपाल तीन-चार नामले प्रख्यात छ, जस्तै हिमवत्खुण्ड, किरात देश र नेपाल । यसको सिमाना काश्मिरको तप्त कुण्डदेखि वर्माको छेउसम्म पर्ने परशुराम कुण्डसम्म फैलिएको देशलाई किरात देश भनिन्थ्यो र त्यही देश आजको नेपाल हो ।[1]

यस्ता विभिन्न प्रमाणको आधारमा भन्न सकिन्छ कि यो जिल्ला पनि प्राचीनकालदेखि नै नेपालमा थियो र कुनै समयमा लिच्छविहरूको अधीनमा भएको पनि आंशिक अनुमान गर्न सकिन्छ ।

यस जिल्लाका बासिन्दाहरू यहाँ उदयदेव नामका शासक शासन गर्थे भन्छन् । लिच्छविवंशमा पनि उदयदेवले नै त यहाँ शासन गरेनन् - यसमा पनि शङ्का गर्न सकिन्छ । नेपालको इतिहासको लिच्छविवंशमा उदयदेवको नाम पाउनु र यस जिल्लामा पनि उदयदेवले नै कालान्तरमा शासन गरेका थिए भन्ने भनाइमा अलिकति भए पनि समानता देखिन्छ । नाम त मिल्यो फेरि लिच्छविकालकै मूर्ति, शिलालेखहरू पनि प्राप्त हुँदा त अलिकति शङ्का भने इतिहासको विद्यार्थीको नाताले गर्न सकिन्छ । किम्वदन्ती, शिलालेख, मूर्ति र लिखित इतिहाससम्बन्धी प्रमाणलाई केलाई अध्ययन गर्दा यदि समानता पाइयो भने त्यसलाई इतिहासको रूप दिने परम्परा छ ।

जगदीशचन्द्र रेग्मीले प्राचीन नेपालको राजनैतिक इतिहासमा लिच्छविहरूको वंशावली यस प्रकार दिनु भएको छ -

१. मानदेव
२. वामदेव
३. रामदेव
४. गणदेव
५. गङ्गादेव
६. मानदेव द्वितीय
७. शिवदेव प्रथम
८. उदयदेव
९. ध्रुवदेव
१०. भीमार्जुनदेव

लिच्छविकालमा पूर्व देश भनिने उदयपुरमा उदयदेवले शासन गरको पनि हुनसक्छ । लिच्छविकालमा नेपालको सिमाना सप्तकोशीसम्म थियो भन्ने कुरा पनि यसै पुस्तकमा उल्लेख गरिएको छ । स्मरणीय छ, यो जिल्लाको पूर्वतर्फको सिमाना पनि सप्तकोशी नै हो । लिखित ऐतिहासिक सामग्रीहरू धेरै कम पाइएको छ र पाइएका सामग्रीहरू पनि छोटो समयमा अनुसन्धान गर्न विभिन्न समस्याहरूको सामना गर्नु परेबाट यस विषयमा किटान गर्न सकिएको छैन । तर पनि उक्त ठाउँमा प्राप्त लिच्छवि लिपि सहितको मूर्तिले निःसन्देह यस जिल्लासम्म लिच्छविहरूको प्रभाव थियो भन्न सकिन्छ र प्राचीनकालमा यो जिल्ला लिच्छविहरूको शासित क्षेत्र पनि थियो होला ।

मध्यकाल

आजभोलि नेपाल राज्य भनिए झैं प्राचीनकालमा नेपालमण्डल भनिने चलन थियो । हालको उदयपुरमा पनि उक्त समयमा नेपालमण्डलमै समावेश गरी सामन्तहरूद्वारा शासित क्षेत्र थियो होला । ने. सं. १८६ र वि. सं. ११२२ मा उदयपुर जिल्ला पनि नेपालमण्डलकै सामन्तहरूले शासन गरेको लिखित प्रमाण पाइएको छ । यसरी प्राचीनकालमा यसलाई लिच्छविहरूले आफ्नो अधीनमा राखेको भए तापनि मध्यकालमा "श्री जनार्दनजीव" नामका महासामन्तको अधीनमा उदयपुर रहेको कुरा थाहा हुन्छ । राजा प्रद्युम्न कामदेवको समकालीन एक पुस्तक सद्धर्मपुण्डरीका

---

१. स्वामी प्रपन्नाचार्य – **साप्ताहिक विमर्शको अन्तर्वार्ता,** काठमाडौं: वि. सं २०४२, वैशाख २८, वर्ष १५।

२. डा० जगदीशचन्द्र रेग्मी - **प्राचीन नेपालको राजनैतिक इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३५, पृ. ६८ - ६९ ।

नामक पुस्तकमा "उदयपुराधिपति महासामन्त श्री जनार्दनजीव" भनी उल्लेख भए अनुसार वि. सं. ११२२ मा उदयपुर जिल्ला नेपालमण्डलको एक सामन्ती इलाका भइसकेको प्रमाणित हुन्छ। यस क्षेत्रमा जनार्दनजीव सामन्त थिए। यस पुस्तकमा उल्लेख भएको उदयपुर हालको उदयपुर जिल्ला हुन सक्छ।[1]

यसरी वि. सं. ११२२ सम्म यो जिल्लाको शासक श्री जनार्दनजीव देखिन्छन्।

विस्तारै विस्तारै यो जिल्लाको क्रमिक इतिहास फेरि बन्द भयो। यक्षमल्ल भादगाउँको राजा भए-पछि मात्र पूर्वी क्षेत्रको अलिकति वर्णन पाइन्छ। ने. सं. ५८८ फागुन शुक्ल द्वादशीका दिनमा नुवाकोटमा हमला गरी वैश्यहरूलाई पराजित गरेर विजय प्राप्त गरेपछि यिनले पूर्वमा मोरङ्ग, पश्चिममा गोरखा, उत्त-रमा शिकार जोङ र दक्षिणमा तिर्हुतसम्म आफ्नो प्रभुत्व कायम गरेको कुरा इतिहासकारहरूले देखाएका छन्।[2] यस वेला यक्षमल्लले आफ्नो राज्य पूर्वको मोरङ्गसम्म विस्तार गरेको भए बाटोमा पर्ने उदयपुर पनि उनकै अधीनमा रहेको हुनसक्छ। मोरङ्ग विजय गर्दा उदयपुरको बाटो भएर जानुपर्ने भएको हुनाले मात्र यो आंशिक अनुमान गरिएको हो।

इतिहासकार सूर्यविक्रम ज्ञवालीले यक्षमल्लले पूर्वमा वङ देश, दक्षिणमा गङ्गा तथा उत्तरमा सात-दिनको बाटो परसम्म विजय गरेको कुरा उल्लेख गर्नु भएको छ।[3] उपर्युक्त दुवै थरि इतिहासकारहरूको पुस्तकमा मतभिन्नता देखिन्छ। तर पनि उनले पूर्वको घेरै टाढासम्म विजय गरेको हुनाले त्यस वेलाको उद-यपुर पनि उनकै मातहतमा थियो होला भन्ने अनुमान गर्न सकिन्छ।

राजा शिवसिंह मल्लको समयमा पुनः मोरङ्ग राज्य स्वतन्त्र भएको कुरा थाहा हुन्छ। मकवानपुरका राजा हरिहर सेनका छोराहरूका बीचमा भएको आपसी कलहले गर्दा मोरङ्गका राजा कान्तिपुर आई शिवसिंह मल्लसंग मकवानपुरको राजाको विरोधमा सहयोग मागे। उनको सहयोगले फेरि मोरङ्ग राज्य मकवा-नपुरको सेन शासकबाट मुक्त भई स्वतन्त्र भएको कुरा थाहा हुन्छ। यो कुरा पाथिवेन्द्र मल्लले पशुपतिको शिलालेखमा उल्लेख गरेका छन्।[4]

अर्का इतिहासकारले मोरङ्ग र मकवानपुरको बीचमा भएको आपसी कलहको अध्ययन शिवसिंह मल्लले गरी मकवानपुरको अन्याय थाहा पाएपछि मोरङ्गको पक्षमा सहयोग गरी यसलाई स्वतन्त्र राज्य खडा गर्न मद्त पुऱ्याएको कुरा उल्लेख गरेको थाहा हुन्छ।[5] इतिहासकारहरूको कुरामा विभेद भए तापनि मोरङ्ग राज्य स्वतन्त्र भएको कुराले यो पुष्टि गर्छ कि त्यसताका मोरङ्ग नजीक पर्ने उदयपुर पनि उसैको मात-हतमा हुनसक्छ।

शुभसेनको राज्य दुई छोराहरूमा बाँड्दा मकवानपुर राज्य अन्तर्गत नै पहाडपट्टि सिंधुलीको पौवागढीदेखि पूर्व अरुण कोशीसम्म रहेको सुनकोशी-देखि दक्षिणपट्टिको महाभारत क्षेत्रलाई छुट्टै चौडण्डी प्रशासन प्रदेश बनाएको देखिन्छ। दूधकोशीदेखि अरुण-

---

[1] लुसियानो पटेक्क – मिडिएभल नेपाल, रोमः इन्स्टिच्यूटो इटालीया लो परइल मिडियो इड इस्ट्रिमो ओरियन्टे, १९५८ ई, पृ ४४।

[2] लीलाभक्त मुनकर्मी – मल्लकालीन नेपाल, काठमाडौं, रत्न पुस्तक भण्डार, नेपाल, वि. सं. २०२५, पृ. २१।

[3] सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमाडौं : रोयल नेपाल एकेडेमी, वि सं. २०१९, पृ. ८९।

[4] ऐ. ऐ., पृ. ९।

[5] लीलाभक्त मुनकर्मी –पृ. १०९।

सम्मको माझ किरात पनि चौडण्डीमै सम्मिलित थियो। हालको उदयपुरभन्दा दक्षिणपट्टिको भाबरमा नयाँ राजधानी चौडण्डी भर्खरै मात्र बनेको थियो। यसलाई राजा मानिकसेनले वि. सं. १७७० मा आफ्नो अधीनमा लिए। वि. सं. १७७० भन्दा अगाडि चौडण्डी मोरङ्ग अन्तर्गतमा थियो।[1]

यसरी शिवसिंह मल्लले मोरङ्ग राज्यलाई स्वतन्त्रतामा सहयोग गरेको समयमा उदयपुर पनि मोरङ्गकै शासित क्षेत्र थियो भन्ने कुरा प्रष्ट हुन आउँछ।

विभिन्न समय र कालमा उदयपुर जिल्ला वेग्लावेग्लै वंशका शासकहरूको मातहतमा रहेको कुरो इतिहासले प्रष्ट पार्छ।

कान्तिपुरमा पार्थिवेन्द्र मल्लले शासन गरेको समयमा वंशीधर भाजुलाई पूर्वतर्फको विजयमा पठाएका छन्। उनको सेनापति र मन्त्रीले सिंधुलीदेखि मोरङ्गसम्म विजय गरेको कुरा इतिहासले हामीलाई प्रष्ट पारेको छ।[2]

विभिन्न समयमा विभिन्न राजा महाराजाहरूले शासन गरेको उदयपुर जिल्लाको जङ्गलमा आज पनि महत्त्वपूर्ण ऐतिहासिक भग्नावशेषहरू यत्रतत्र छरिएको अवस्थामा छन्। यस्ता महत्वपूर्ण ऐतिहासिक भग्नावशेषहरू सामन्त र महासामन्तको पनि हुनसक्छ। यसै उदयपुर जिल्लाको खाटखोला भन्ने जङ्गलतिर दुई वटा पत्थरका खाटहरू छन्। यसको अलावा मोतीगडा जङ्गलमा प्राप्त राजाले लगाउने मुकुट लगाएको कालो पत्थरको मूर्ति पनि पाइयो। साथै अरू पुराना ऐतिहासिक सामग्रीहरू पनि प्रशस्त मात्रामा पाइन्छन्।

यहाँको जङ्गलमा मुसलमानी सिक्काहरू पनि छरिएको अवस्थामा पाइन्छ। यहाँका स्थानीय बासिन्दाहरू कालान्तरमा पटक पटक मुसलमानी आक्रमण भएको भन्दछन्। यस सम्बन्धमा पनि प्रमाणित आधारहरू पाउन सकिएको छैन। खास गरी जङ्गलले ढाकिएको हुनाले बाहिर जिल्लामा छरिएर रहेका महत्त्वपूर्ण ऐतिहासिक सामग्रीको अध्ययन हुन सकेको छैन। यस्ता महत्त्वपूर्ण भग्नावशेष मूर्ति, सिक्का, ताम्रपत्र लगायत अरू ऐतिहासिक स्रोतको आधारमा नै इतिहास तैयार पार्न सकिन्छ। यसउसले त्यस्ता ऐतिहासिक महत्त्वका सामग्रीहरूको चाँडोभन्दा चाँडो व्याख्या र विश्लेषण गरी उदयपुर जिल्लाको पनि क्रमिक इतिहास तैयार पार्नु आजको सांस्कृतिक र ऐतिहासिक दायित्व रहेको छ।

आधुनिककाल

नेपालको इतिहास भन्नासाथ काठमाडौं उपत्यकाको इतिहासको स्मरण हुनु स्वाभाविकै हो। प्रायः सबै स्वदेशी एवं विदेशी इतिहासविज्ञहरूले नेपालको इतिहास नाम राखेर काठमाडौंको इतिहासमा मात्र कलम चलाइरहेको देखियो। अपवादको रूपमा नगण्य इतिहासविज्ञहरूले मात्र उपत्यका बाहिरको र अन्य क्षेत्रको इतिहास अध्ययन एवं अनुसन्धान गरेका भए तापनि यो पर्याप्त छैन। पश्चिममा २२ सी र २४ सी राज्यहरू एवं पूर्वमा मकवानपुर, जितपुर र चौडण्डी आदि राज्यका इतिहास एवं संस्कृतिका सम्बन्धमा पर्याप्त खोज हुन बाँकी नै छन्।

काठमाडौं उपत्यका बाहेक अन्य स्थानहरूमा पनि प्राचीन सभ्यताको विकास एवं विनाशसम्बन्धी ऐतिहासिक प्रमाणहरू यदाकदा नपाइएका होइनन्। नेपालको तराई भागमा पनि उच्चरतरको सभ्यताको विकास प्राचीनकालमा पनि भएको पाइन्छ। मल्ल,

---

1 प्राचीन नेपाल, काठमाडौं : श्री ५ को सरकार, पुरातत्त्व विभाग, संख्या ४९-५२, वि. सं. २०३५ पौष-२०३६, श्रावण पृ. १६।

2 डा० डि. आर. रेग्मी – मेडिएवल नेपाल, कलकत्ता : भोलम II, फर्मा के. एल. मुखोपाध्याय, ई. १९६६, पृ. १२२।

शाक्य, लिच्छवि, वैदेह गणराज्यहरू यही तराई भागमा फैलिएका थिए । यसै गरी कर्णाली प्रदेशको पहाडी भागमा पनि धेरै अगाडिदेखिका क्रमबद्ध इतिहासका प्रमाणहरू पाइएका छन् । नेपाली भाषा र संस्कृतिको विकास यही प्रदेशबाट भएको हो । यी बाहेक अन्य स्थानहरूमा पनि प्रशस्त ऐतिहासिक सामग्रीहरू प्राप्त हुनसक्ने सम्भावना छ जसको अध्ययन विना सम्पूर्ण नेपालको इतिहास जान्न सकिन्न । ऐतिहासिक सामग्री, जस्तै सिक्का, मूर्ति, भग्नावशेष, इनार र मानिसले दैनिक जीवन सञ्चालनको लागि प्रयोगमा ल्याइने माल-सामानहरू उदयपुर जिल्लामा पनि प्रशस्त पाइन्छ ।

नेपालको एकीकरण गरिनुभन्दा अगाडि चौडण्डी राज्यको राजधानी चौडण्डीगढी यसै उदयपुर जिल्लामा अवस्थित थियो । श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको विजय अभियानको क्रममा १६ जुलाई १७७३ ई.[1] मा चौडण्डी राज्य पूर्णरूपले नेपालमा मिलाइयो । नेपालमा मिलनुभन्दा अगाडि यो उदयपुर सेन राजाहरूको राज्य अन्तर्गत थियो । पाल्पाका पराक्रमी राजा मुकुन्दसेन (प्रथम) का कान्छा छोरा लोहाङसेनले यस क्षेत्रलाई मकवानपुर राज्यमा मिलाएका थिए । यो जिल्लाले माणिकसेनको माहिला छोरा जगतसेनको पालादेखि चौडण्डी राज्यको राजधानी हुने मौका पायो । यसकारण यस जिल्लामा आज पनि खोज र अनुसन्धान गरेमा सेन-कालीन एवं शाहकालीन ऐतिहासिक सामग्रीहरू पाइन सक्छन् । त्यस जिल्लाको सेनकालको इतिहासको सम्बन्धमा पनि सामग्री सङ्कलनको ठूलो आवश्यकता छ ।

सेन शासनभन्दा अगाडि उदयपुर खासगरी माझ किरातको मातहतमा रहेको राई लिम्बुहरू भन्ने गर्छन्, तर यसभन्दा पछाडि कुनै पनि प्रमाण पाइएको छैन । तर पनि माझ किरातको मातहत थियो भन्ने एउटा लोकोक्ति भने प्रचलित नै छ । करीब ई. १५१८ भन्दा अगाडिको यस ठाउँको इतिहास आज पनि गर्भमै छ । जब मुकुन्दसेन प्रथमले आफ्नो राज्य विस्तार गर्ने कार्यक्रम शुरु गरे, त्यसपछि मात्र उदयपुरमा अवस्थित चौडण्डीको नाम यदाकदा सुनिन थालियो । निकै इतिहासविज्ञहरूले शाहवंशको इतिहास लेख्ने क्रममा उदयपुरलाई त्यति महत्त्व नदिई १।२ पृष्ठमा मात्र चौडण्डीको सतहलाई छोएका छन् । चौडण्डीमा पृथ्वीनारायण शाहले विजय गर्नु अगाडि त्यस क्षेत्रहरूमा आजकालको पञ्चायत जस्ता राज्यहरू थिए र त्यहाँ रियासतहरूले सामाजिक सम्झौता अनुसार शासन गर्थे कि भन्ने अनुमान भने गर्न सकिन्छ । किनकि आज पनि त्यस भेकका बन र जङ्गलहरूमा ऐतिहासिक भग्नावशेषहरू प्रशस्त छरिएको देखिन्छ । यति मात्र नभएर त्यहाँका आदिवासीहरू भन्छन् कि खाटखोलामा सरस्वती रानी शासन चलाउँथिन्, मुडगढमा मुदकट्टा राजा शासन सञ्चालन गर्दथे । सप्तरीको कञ्चनपुरमा एकजना राजा (नाम थाहा छैन) शासन गर्ने गर्दथे भने रूपनगर भन्ने कञ्चनपुर-भन्दा करीब ३-४ किलोमीटर पश्चिममा चाहिं चण्डीवर नामका राजा शासन गर्दथे । भनिन्छ, सप्तरीको अर्को ठाउँ उदयपुरको हाल सदरमुकामबाट करीब १५।१६ किलोमीटर दक्षिणमा प्रस्तुत भग्नावशेषहरू देखिन्छ । यसबारे पनि ऐतिहासिक खोज हुन सकेको छैन । यस ठाउँलाई चन्द्रभागा भगवती र कान्छाखोटिया (गढी) को भग्नावशेष भनिन्छ । स्थानीय बासीको भनाइ अनुसार यहाँ करीब ६।७ सय वर्ष अगाडि चन्द्रकेतु नामका शासक शासन गर्दथे र यिनले आफ्नै इष्ट-देवताको नाममा चन्द्रभागा भगवतीको चुरेको पहाडमा स्थापना गरेका थिए पनि भनिन्छ । यी सबै कुरालाई अनुसन्धान नगरी एकै चोटी ठोकुवा गर्न सकिदैन ।

अर्को कुरा यदि यस भेकमा विभिन्न सानातिना रियासत शासन गर्दथे र उदयपुरचाहिं माझ किरातमा थियो भन्ने तथ्य पनि केही छैन ।

---

[1] फादर स्टिलर – द राइज अफ द हाउस अफ गोरखा, दिल्ली : रत्न जेसुयीष्ट सोसाइटी, इ. सं. १९७५, पृ. १३७ ।

ठीकै छ, यदि थियो भने पनि साँध सिमाना के हुन्, शासक को हो, राजधानी कहाँ थियो र भित्री मधेश लगायत महाभारत लेकमा कसको बढी प्रभाव थियो – यो पनि अज्ञातै छ। यसैले उदयपुर जिल्लाको मध्यकाल र प्राचीनकालको इतिहासको खोज गर्न निकै कठिन छ।

नेपालको एकीकरण हुनु अगाडि सेनहरूले कसरी शासन गर्ने गर्दथे, तिनीहरूको भूमि व्यवस्था, धार्मिक र सामाजिकका साथै राजनीतिक व्यवस्थाको बारेमा त लेख्ने सामग्रीहरू नै पाइँदैन भने मध्यकाल प्राचीनकालको त कुरै छाडौं।

उदयपुर चौडण्डीको इतिहास कहिले र कहाँ–देखि शुरु हुन्छ भन्नु पर्दा हामीले सर्वप्रथम पाल्पा-का शासक मुकुन्दसेन (प्रथम) को इतिहासलाई उल्टाएपछि मात्र उदयपुरको इतिहास जन्मिन्छ।

कोशी क्षेत्रका सेनवंश

हिन्दूहरूले आफ्नो जीवनलाई चार आश्रममा विभाजित गरेका छन्, जस अनुसार अन्तिम आश्रम हो– सन्यासाश्रम (गृहत्याग गरी परजन्म सुधार्न तप गर्नु) । यसै कुरालाई ध्यानमा राखेर पाल्पाली राजा मुकुन्दसेन प्रथमले विशाल राज्यलाई आफ्नो उत्तराधिकारीहरूलाई विभाजित गरिदिई मुक्तिको लागि देवघाटतर्फ लागे। मुकुन्दसेन प्रथमका कान्छा छोरा महत्त्वाकांक्षी र योग्य थिए। उनी आफ्नो व्यक्तिगत शक्तिले कोशी क्षेत्रको शासक बन्न सफल भए। पछि यो इलाका ज्यादै ठूलो भएको हुनाले विजयपुर र चौडण्डी गरी दुई राज्यमा विभाजन गरियो।

विजयपुरको राजनैतिक इतिहास

विजयपुर हाल धरान सुनसरीमा पर्छ। त्यस बेला त्यो मोरङ्गको राजधानी थियो। हेमील्टनले भेटाएको एउटा वंशावली अनुसार, त्यहाँ विजयना-रायण नामका शासक शासन गर्ने गर्दथे। यिनको किराती सरदारहरूका बीचमा समझदारी थिएन। हुन सक्छ, सरदारहरू आफ्नो मनमानी शासन चलाउन चाहन्थे वा राजाको वास्तविक शक्ति आफू प्रयोग गर्न खोज्दै यसै क्रममा राजा आफ्नो इच्छा अनुरूप शासन सञ्चालन गर्न चाहन्थे होलान्। यस्तै कारणले दुई व्यक्तिका बीचमा समझदारी घट्न गयो। तर पछि यिनको चाँडै मृत्यु हुनगयो। फलस्वरूप लोहाङ-सेनलाई राज्यविस्तार गर्न सजिलो भयो।

लोहाङसेनले पूर्वी क्षेत्र विजयको क्रममा अध्यवारा नदी तर्नासाथ क्रमैसंग महोत्तरीको एक भाग कोरानी, खेसराहा, रामपुर पोखरी, झामुना, जोगौडा, धापर, कलिसा, केल्काकोट, सम्दाकरजैनी, मेधवारी लगायत कोशी क्षेत्रका सानातिना रियासन-लाई पनि पराजित गरे।[1]

अब बाँकी कोशीभन्दा पूर्वमा एउटा राज्य थियो। मोरङ्ग, जसको राजधानी विजयपुरमा थियो, राजा र सरदारका बीचमा मनोमालिन्य बढ्दै गई अचानक राजा जयनारायणको मृत्यु भयो। दरबारको परिस्थिति विग्रिएको हुनाले शासन सञ्चालन गर्न एउटा योग्य शासकको आवश्यकता थियो। यस अव-सरमा लोहाङसेनले परम्परा अनुसार राईलाई नै सरदार बनाउने आश्वासन दिएर विजयपुरमा आफ्ना आधिपत्य जमाए।[2] यस प्रकारले आफ्नो शक्ति लगाएर लोहाङ-सेनले बाबुपछि कोशी क्षेत्रको निकै ठूलो भू-भागको राजा भए।

लोहाङसेनकी पत्नी अनुपावतीको कोखबाट राधवसेन (राधवनरेन्द्र) जन्मिए। राधवसेनकी पत्नी दुर्गावतीबाट हरिहरसेन (इन्द्रसेन) नामको एक छोरा जन्मिए। राधवसेनले दुर्गावतीसंग विवाह गरी जीवन निर्वाह गरे। तर उनका छोरा हरिहरसेनले महिश्वरी, यशोदरा, शकुन्तला, महादेवी, जगतमाला र लक्ष्मीमाता-संग गरी जम्मा ६ जनासंग विवाह गरे। यिनले गोश्व-

---

१. ह्यामिल्टन एफ. वी. - **एन एकाउण्ट अफ द विगंडम अफ नेपाल**, न्यूदिल्ली, १८१०, पृ. १३३।

२. ह्यामिल्टन एफ.वी., पृ. १३५ - ३६।

रासम्म विजय गरेको हुनाले "हिन्दूपति" को उपाधि ग्रहण गरेका थिए।[1] तर बाबुराम आचार्यका भनाइ अनुसार, दिल्लीका मुगल बादशाहसंग टक्कर गरेको हुनाले नै यिनले आफूलाई हिन्दूपति भनेका हुन्।[2] लोहाङसेनपछि राधवसेन र उनीपछि छोरा हरिहरसेनले चौडण्डी र कोशी प्रदेशको शासन चलाउने मौका पाए। धेरै स्वास्नी भएको हुनाले छोराहरू र उनका बीचमा राजनैतिक तनाव जन्मियो जसको प्रतिफल हरिहर-सेनले पनि छोराको कैदखानामा समय काट्नु पऱ्यो। केही नलागेर अन्त्यमा उनले कोशीदेखि पश्चिमको भाग कान्छा छोरा शुभसेनलाई र कोशीभन्दा पूर्वको मोरङ्ग इलाका जेठा छोरा छत्रपतिसेन (इन्दुविधातासेन) लाई दिएर दिवंगत भए।

शुभसेन र उनका बीचमा बारम्बार झैझगडा हुने भएको हुनाले मन्त्रीहरूले पुरानीया राज्यको नबाव इस्कन्दर खाँसित मिलेर उनको विरोधमा षडयन्त्रको जन्म दिए। शुरु शुरुमा सेनको विजय भएपनि अन्त्यमा इस्कन्दर खाँले शुभसेन र उनका भतिजा इन्दुविधा-तासेन कैद गरी दिल्ली मुगल दरबारमा सुम्पी दिएपछि दिल्लीमा यिनीहरूको जातच्यूत गरियो। अब उज्जाउ मोरङ्ग प्रदेश अबावको हातमा पर्न गयो। यसपछि शुभसेनको नायव प्रवेधदासले शुभसेनका तीन छोरा महीपतिसेन, माहातासेन र माणिकसेनलाई साथमा लिएर किरात प्रदेशमा शरण लिन गए। विद्याचन्द राईको राजनैतिक चालले यिनलाई विजयपुरको राजा बनायो। तर यसलाई केही इतिहासकारहरू विवादकै दृष्टिले हेर्ने गरेका छन्। अब कमलादेखि पूर्वको तराई पैतृक सम्पत्ति महीपतिसेनले फिर्ता पाए। केही वर्ष शासन चलाएपछि उनको देहान्त हुनासाथ सो खाली भएको गद्दीमा उनका छोरा कामदत्तसेन बसे र मोरङ्गको शासन सञ्चालन गर्न थाले।

कामदत्तसेन

मोरङ्गको गद्दीमा बस्ने बित्तिकै आफ्नो मंत्री विचित्र राईसंग यिनको कलह पर्न गएको हुनाले केही काल यिनले तिब्बत गई शरण लिनु पऱ्यो। उनी तिब्बतमा निर्वासित जीवन बिताइरहेको समयमा विचित्र राईले माणिकसेनको छोरा जगतसेनलाई मोर-ङ्गको राजगद्दी दिए। केही समय तिब्बतमा बसी उनी नेपाल फर्किए र जगतसेनको प्रयासले पुनः विचित्र राईसंग सम्झौता भयो। तर पनि उनले पूर्ण राज्य पाउन सकेनन्। किनकि यसपछि मोरङ्ग राज्य चौडण्डी र विजयपुरमा टुक्रियो। अतः चौडण्डीको सिंहासनमा नयाँ राजा जगतसेन बसी शासन चलाउन थाले।

अर्कोतर्फ पृथ्वीनारायण शाह र अभिमानसिंह बस्नेतको बीचमा पत्रद्वारा वर्षायाममा आक्रमण गर्ने कुरो करीब करीब निश्चित भइसकेको थियो।[3] वर्षायाममा हात्तीबाट सेनलाई सप्तकोशी तारी एक्कासी विजय-पुरमा अभिमानसिंह बस्नेतकै आक्रमण गरे। यो आक्रमणमा ८५ जना खम्बु सेना खेत रहे र लगभग यति नै सेना घाइते भए। अन्तिममा १६ जुलाई १७७३ मा बुद्धिकर्ण राई हात्तीमा चढी भाग्न सफल भए। यसपछि गोरखालीद्वारा विजयपुरलाई पनि आफ्नो राज्यमा मिलाइयो। कर्णसेनकी विधवा पत्नी र ५ वर्षका बालक छोरा भागेर इष्ट इण्डिया कम्पनी कहाँ पुगे[4] भनी बालचन्द्र शर्माले भन्नु भएको छ। बाबुराम आचार्यको भनाइ र यो भनाइ फरक फरक छ। बाबुराम आचार्यका भनाइ अनुसार, आक्रमण हुनु अगाडि नै बालबच्चा र श्रीमती लिई उनी भारत पसिसकेका थिए। उनकी श्रीमती पनि त भारतमै

---

1. बालचन्द्र शर्मा - नेपालको ऐतिहासिक रूपरेखा, बनारस : वि. सं. २००८, पृ. २०५।
2. बाबुराम आचार्य- नेपालको संक्षिप्त वृत्तान्त, काठमाडौं, प्रमोद शम्शेर र नीरविक्रम प्यासी, वि. सं. २०२२, पृ. ६०।
3. बाबुराम आचार्य, ऐ. ऐ, पृ. ६११।
4. बालचन्द्र, ऐ ऐ, पृ. २०७।

थिइन् । जे होस्, यो कुरामा पनि इतिहासकारहरू वेग्लावेग्लै तर्क दिन्छन् ।

बालचन्द्रको भनाइ अनुसार, बुद्धिकर्ण राईलाई गोर्खालीले पक्राउ गरी विजयपुर ल्याएपछि उनको मृत्यु हुन गयो । यसपछि पृथ्वीनारायण शाहले कर्णसेनको बालक छोराको पनि हत्या गर्न लगाए ।[1] पछि सम्म पनि उनकी विधवा रानी विजयपुर फर्काउने प्रयासमा थिइन्, सफल हुन सकिनन् । अन्त्यमा गोरखाको आधिपथ्य कायम रह्यो । यसरी चौडण्डीले मोड लिन्छ र सेनको ठाउँमा शाहवंशलाई राख्दछ ।

चौडण्डी राज्य

शुभसेनको राज्य दुई छोराहरूमा बाँडिदा मकवानपुर राज्य अन्तर्गत नै पहाडपट्टि सिंधुलीका पौवागढीदेखि पूर्व अरुणकोशीसम्म रहेका सुनकोशीदेखि दक्षिणपट्टिको महाभारत क्षेत्रलाई छुट्टै चौडण्डी प्रशासन प्रवेश बनाइएको देखिन्छ । दूधकोशीदेखि अरुणकोशीसम्मको माझ किरात पनि चौडण्डी भै सम्मिलित थियो । हाल उदयपुरदेखि दक्षिणपट्टिको भावरमा नर्सा राजधानी चौडण्डी बनेको थियो । यिनले करीब वि. सं. १७७० मा चौडण्डी कब्जा गरी सके । माणिकसेनले मकवानपुर कब्जा गरी आफ्नो अधीनमा लिई शासन सञ्चालन गर्न थाले । यिनका हेमकर्णसेन, जगतसेन, जयमङ्गलसेन र कान्छाविक्रमसेन लगायत चारजना छोराहरू जन्मिए । माणिकसेनको शेष पछाडि उनका जेठा छोरा हेमकर्णसेन मकवानपुरको राजा भए । यिनका माहिला भाइ जगतसेन पनि करीब वि. सं. १७८४ तिर चौडण्डीको राजसिंहासनमा बस्न सफल भए । जगतसेन कसरी चौडण्डीको राजा भए भन्ने बारेमा आज पनि इतिहास जगतमा मतभेद र विवादकै विषय भएको छ । बाबुराम आचार्यको भनाइ अनुसार, जगतसेनले शुरुदेखि नै हेमकर्णसेनको प्रतिनिधिको रूपमा चौडण्डी प्रान्तमा प्रशासन चलाइसकेका थिए । पछि हेमकर्णसेनको वनिया मन्त्री किराती मन्त्रीका बीचमा मतभिन्नता हुँदा जगतसेनलाई चौडण्डीको राजा बनाइयो । यसरी सन् १८३५ तिर मकवानपुरको राज्य विभाजित भई उदयपुर जिल्ला अम्बुरपुरको तराई मिली नयाँ चौडण्डी राज्य खडा भयो । जगतसेनपछि चौडण्डीको राजसिंहासनमा उनका छोरा विक्रमसेन, त्यसपछि नाति कर्णसेन चौडण्डीको सेनराजाहरूमा अन्तिम शासक हुन् । यिनकै समयमा पृथ्वीनारायण शाहले चौडण्डीलाई नेपालको भू-भागमा मिलाएका थिए । शाहवंशले जितेपछि चौडण्डी गण राजधानीलाई एउटा पूर्वी जिल्ला स्तरीय प्रान्तको रूपमा एउटा प्रशासनिक इकाईको रूपमा परिवर्तन गरियो[2] । वि सं. १८८७ सम्म उदयपुरको प्रशासनिक सदरमुकाम यही थियो । यसै साल सो ठाउँबाट सारी उदयपुरगढीमा सारियो । उदयपुरगढीबाट २०२८ सालमा त्रिपुरा खोंचको मित्रीमधेश गाइघाटमा सारिएको छ ।

पृथ्वीनारायण शाहको विजय अगाडि चौडण्डीगढीको अवस्था

प्रायः विजयपुर राज्यमा मन्त्री र राजाका बीचमा कहिल्यै राम्रो सम्बन्ध कायम हुन सकेन । यसको विपरीत चौडण्डीमा राजा र मन्त्रीका बीचमा उत्तम सम्बन्ध देखिन्छ । त्यो कारण के थियो भने चौडण्डीका राजा उदयपुरगढी र भावर क्षेत्रका मगरात र अन्य क्षेत्रको समस्या सुल्झाई प्रशासन चलाउँथे । यसका साथै मन्त्रीचाहिं किराती इलाकामा प्रशासन चलाउँथे । यसैले गर्दा राजा, मन्त्री र जनताका बीचमा बहु सम्बन्ध हुन गयो ।

---

१. हेमिल्टन - ऐ ऐ, पृ. १४१ ।

२. प्राचीन नेपाल, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, संख्या ४९-५२, पौष २०३५-श्रावण २०३६, पृ. १७ ।

ठीक यसै समयको हाराहारीमा गोरखामा जन्मिएका श्री ५ बडामहाराजाधिराज नेपालको एकीकरण गर्ने कार्य शुरु गरी काठमाडौंमा आक्रमण गर्दै थिए । फेरि पश्चिमबाट पूर्वी माझ किरातमा पनि क्षेत्री, ब्राह्मण, मगर, गुरुङ, ठकुरीहरूले विस्तारै बसोबास गर्न शुरु गरेका हुनाले यिनीहरू यस इलाकामा राई लिम्बुको भन्दा बरू ठकुरीकै शासन मन पराउने भएको हुनाले पृथ्वीनारायण शाहलाई विजय गर्न सजिलो पऱ्यो । हरिनन्दन उपाध्याय (पोखरेल) नाम गरेका मामखाली ब्राह्मण र कर्ण-सेनको क्षेत्री र कर्भचारी स्वरूपसिंह कार्कीले गोर्खाली राजा पृथ्वीनारायण शाहलाई सहयोग गर्ने आश्वासन दिन नुवाकोट दरबारसम्ममा पुग्न पछि परेनन् । स्वरूपसिंह कार्की र कर्णसेनको दिवान अजित राईका बीचमा मनमुटाव भएको थियो भने हरिनन्दन उपाध्यायलाई आफ्नो थात-बास बचाउन नै गाह्रो परेको हुनाले दुवैजना सल्लाह गरी गोप्य रूपमा ई. सं. १७६९ तिर पृथ्वीनारायण शाहको नुवाकोट दरबारमा शरण लिन पुगे । स्वरूपसिंह कार्की तत्कालै सैनिक अधिकृत पदमा नियुक्त गरियो। हरिनन्दनले राजा-लाई आवश्यक परे आर्थिक सहयोग पनि दिने आश्वासन दिएको हुनाले पृथ्वीनारायण शाहलाई निकै खुशी लाग्यो। हरिनन्दन मामखा फर्किए-पछि पृथ्वीनारायण शाहले गोप्य रूपमा त्यस इला-काको मनोभाव र परिस्थिति बुझी पारथ भण्डारी र अभिमानसिंह बस्नेतलाई चौडण्डीमा आक्रमण गर्न खटाई दिए। माझ किराततर्फको एकीकरण भइ-सकेपछि आक्रमण गर्नु भनी यिनीहरूलाई मकवान-पुरमा राखियो। माझ किराततर्फ सरदार रामकृष्ण कुंवर र सरदार अमरसिंह थापा आक्रमण गर्न जाँदा दूधकोशी र सुनकोशीको दोभानमा त्रिलोचन उपाध्याय र हरिनन्दन उपाध्याय डुङ्गा लिएर आक्रमण गर्ने तैयारी अवस्थामा थिए । यिनीहरूले सहयोग गरी गोरखाली सेनालाई कोशीतर्फ तारेका हुन् । २५ अगष्ट १७७२ पूर्वी पहाडमा सेनाको रासन, कपडा र बारूद बोक्न भर्ना भएका सुनुवार, मुरमी र धामीहरूलाई पृथ्वी-नारायण शाहले किपट जग्गा बाँडी दिए। माझ किरातमा क्षेत्री ब्राह्मणले पृथ्वीनारायण शाहको आक्रम-णलाई स्वागत गरे । तर राई, लिम्बु, र खम्बुहरूले यसको विरोध गरे । पछि खम्बु, राईको धनुष गोरखालीको सामुन्ने टिक्न सकेन । यो इलाकाले पनि गोरखालीको आधिपत्य स्वीकार्नु पऱ्यो ।

चौडण्डी माझ किरातभन्दा टाढा भएको हुनाले यस वेलासम्म चौडण्डीका राजाले कुनै पनि प्रकारको सैनिक तयारी गरेका थिएनन् । विसंखु, रावाघाटको थुम पनि अबसम्ममा गोरखालीको अधीनमा आइ-सकेको थियो । यसपछि गोरखालीले मझुवा, कुलङ र दिङलामा पनि आफ्नो अधिकार जमायो । फेब्रुवरीको १७७३ मा बाँकी माझ किरात सेनाले पुनः गोरखा राज्यमा मिलाए ।

यसरी माझ किरात समेत गोरखा राज्यमा मिलाइसकेपछि पृथ्वीनारायण शाहले चौडण्डीमा र विजयपुरमाथि आक्रमण गर्ने उद्देश्य राखेका थिए । तर पनि यो इलाका नाम मात्रको अधिकार भएको हुनाले भारतको तत्कालीन गभर्नर जनरल वारेन हेष्टीङ्सलाई २७ मे. १७७३ ई. मा एउटा पत्र लेखी चौडण्डीमाथि सैनिक कार्यवाही गर्ने हिसाबकिताब मिलाउने थाले । गभर्नर जनरलको पत्रको उत्तर आउँदा नआउँदै पारथ भण्डारी र अभिमानसिंहलाई तलहट्टीतीखाट चौडण्डी-मा आक्रमण गर्न सेना पठाए। राजा पहिले नै राज-सिंहासन त्यागी विजयपुर राज्यमा शरण लिन पुगि-सकेको हुनाले राजाका दिवान र सैनिकले हार स्वीकार गरी राजधानी छाडी दिए। यसपछि १६ जुलाई १७७३ ई. मा चौडण्डीगढी पूर्णरुपले गोरखा राज्यमा मिलाइयो । यसपछि अभिमानसिंह बस्नेतले सो इलाकाका जनतालाई धनजन र ज्यानको पूर्ण सुरक्षा दिने वचन दिए, जसले गर्दा चौंडण्डीमा शान्तिपूर्वक गोरखाको आधिपत्यलाई स्वीकार गरियो ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

११. आश्विन सुदि १० रोज ३ मा टिका सायेत गरि धनकुटा वलाङ चुङ तर्फ रवाना भयाको--

श्री मद्राजकुमार कुमारात्मज श्री कर्णेल षड्कवहादुर कुवर राणाजी-	१
काजि हेमदलसि थापा-	१
श्री सम्सेर दल पल्टन १ के जना-	७६०
कपतान जडवर षडका-	१
लेफटेन दलवीर वीष्ट-	१
सुवेदार नैनसि वस्न्यात्-	१
मेजर नैन्सि गोर्षा-	१
अजिटन् मेहैरसि षतृ-	१
कान्या भक्तवीर कार्कि-	१
लैन श्रीकृस्न पाध्या-	१
अगाडी निसान कुवेर जोसि-	१
पछाडी निसान घनश्याम पाध्या-	१
ज्मादार जना-	१०
हवल्दार जना-	२०
अमल्दार जना-	२०
सिपाहि जना-	४८१
चानादार जना-	८
पिपा ज्मादार-	१
पिपा हवल्दार-	१
पिपा जना-	२५०
नाराणदल् पल्टन १ सिंधुली रवाना भै गयो नाल-	२०१

तरुनै वखतमा श्री प्राइममिनिष्टरवाट कप्तान. महारुद्र षतृलाई लेषिगयाको उप्रांत जंगि कामका निमित्त ज्मा गर्‍याका रसदहरू भुट्नु भन्या कुरा अघी भयाका हुन् भुट्नु पर्दैन जाहा हामीवाट भुट्नु भन्या सनद नगै भुट्न्या काम नगर ११ साल कार्तिक सुदि १० रोज ३ शुभम्।

श्री प्राइममिनिष्टरवाट ज्मादार अैमान्के. लेखि गयाको. उप्रांत ३५ हातको घर २ उनतिस हातको घर १ ज्मा घर ३ सिध्याई वोसि कमिलाई विदा गरि दियाँ वनाउनु पर्दैछ भन्या फेरी पनि वनाउला. घरलाई कसो हो भन्या. संदेह नराख्या जाला. गहु केराउको. भाउ रुपिआ १ को पाथी छ पिध्याको रुपिआ १ को पाथि ८ छ येसै दरले हामीले षाआ. भुट्याको गहु केराउ पाथि ८ का दरले देउ भंया अलिक गाह्रो मानन्दछन्. कुन कुरो पिधनु. कुन कुरो भुट्नु. वाटो सगल्ती. विग्र्याको छ वनाउन लागी रह्या छु. त्रिशुल गंगाको साघु. विग्र्याको रहेछ. यो पनि वनाउला. षल्मा स्मेतका ४ जोर तालचा. पठाई वक्स्या. ढोकामा लाउला २ हजारको नुन्. किनु भन्या. लेखि आयाको हो. यो नुन् किनि. ताहा पठाउ कि जाहा राषु.

नुन् केरुमा. जाइ किनु कि आहा किनु भन्या विस्तार समेत लेषि पठाउन्या काम वढिया हो. ताहाका अर्थ. सवै तजवीज. गर्नानिमित्त. कपतान दलजित विष्टलाई पठायाको छ. तेसतर्फलाई चाहिन्या गर्नु पर्या. कुरा सवै. नीज कपतानलाई अह्राई पठायाको. छ उनले भन्या. वमोजिम सवै कुराको तजवीज मिलाई काम गऱ्या वढिया होला. ११ साल कार्तिक शुदि १० रोज ३ शुभम्—

श्री प्राइममिनिष्टरका हजुरमा. सुवा मानसरवर-सिले लेषि चह्राई पठायाको. उप्रांत. गोदाम घर चाडै. तयार गरि छाप लागी आया वमोजिम. दर भावमा खरिद गर्नु. आजसम्म जो भुटियो जो सिद्धियो. तस्को ज्मा वन्दि गरि लेषि पठाउन्या काम गर. अव उप्रांतलाई हाम्रा सनद वमोजिम भुटचाउन्या पिधाउन्या जस्तो लेषि आउला. सो वमोजिम गर्नु वल्याफिपार. घुगाव्यासिदेखि अम्चुर घाटसम्म. वाटो वनाउनु. भन्या र सिपाघाटदेषि. वल्याफिसम्म वाटो वनाउनु भन्या. दस्षत् २ गोदाम्मा. टास्न्या पुजि ३ पठाई दियाको छ. सो वमोजिम गर्नु. गारो लाउन्या डकर्मिलाई षोलाको सरह. दि किफायेत. हुन्छ कि कर्मिसरह दि किफायेत हुंछ. किफायेत हुन्या तजवीज सित दिनु. ढुंगा दिन्या. माटो मुछन्या. षेत लाझारालो. लाई. षाजा दिनु. गोदाम गोदाम पिछे २।२ जना रापन्या. काम वेस भयेछ पुगेन भन्या. पछि हेरुंला वाटाको ढुंगा काटन्या. ढुंग्या सिपाहि पठायाको छ. पुग्या हुन् कुटिवाट आयाका चिठीको जवाफ. लेषन्या मसौदा. तेसै चिठीमा राषी पठायाका मसौदा वमोजिम लेषि पठाउन्या काम गर्नु. कुतिमा ढाक्रचाहरूले. चावल लगी नुन् साट्दा रह्याछन् कि रुपिञा लगी नुन् ल्याउंदा रह्याछन्. वुझ विचार गरि चावल लगी नुन् ल्याउंदा रह्याछन्. भन्या कुति तरफ चावल लैजान नदिनु. चावल ताहि लीनु. रुपिञा लिनु नलिन जान्छन् भन्या ल्याउन दिनु हुलाकमा वस्न्या गुरुहरूका वदला वाहुनहरूलाई रापनु भन्या मजिसिर चह्राञा. गोदाममा ताकितिका अर्थलाई वोसि थोरै पछि हुनाले. र कर्मि हर्कत हुनाले. अस्ति आयाका भादगाउका कर्मि जना १७ मध्ये जना ७ लिस्ति गोदाममा. काम लायाको छ. जना १० गोम्था गोदाममा काम लायाको छ वर्सादि केही भयेन भन्या. अवका १५।२० दिमा छाना हाली सकौला भन्या झै लाग्छ. येक तलाको दलीन. भोली हाल्छु भन्याको हो हिजो र अस्ति वर्सादि हुनाले रापन सकियेन भोली हाल्छु काम वरावर चलाई राष्याको छु. छाप लागी आया वमोजिम. षरिद गर्नु. भनि गोदाम गोदाममा. दिञा सोहि वमोजिम षरिद हुन्या छ. अरु गोदाममा हिजो देषि भुट्नु. पिन्नु भनि राष्याको छ जो मजिपत्र पुग्नी वित्तिकै. थामि दिन्या. पैंयामा मात्र १००।१५०।२०० मुरिक्या भुटीयो. ज्मा गरि विति गरि पठाउला. अव उप्रांत हजुरको मर्जि नआउज्याल. भुट्नु पिधाउन्या काम गर्न्या छैन. वाटो वनाउन्या दस्षत दि. हिजो २ जना सिपाहिलाई उदि दिन पठाया. गारो लागाउन्या डकर्मिलाई. षोलाको सरह दि किफायेत हुन्या रहेनछ र वोसि सरह दि किफायेत हुनाले वोसि सरह दि काम लाञ्यू. गोदाम पिछे २।२ जना भन्या तौलन्या मानिसलाई राष्याको छ. मर्जि नआउंदा. षानादानाको. सुनायाको छैन. ढुंग्यासिपाहि आई पुग्याको छैन. आइ पुग्न्या वित्तिकै. जगा देखाई काम लाउन्या छु कुतिमा ढाक्रचाहरूले चावल १ माना डेढ मानासम्म षस वाहुनहरूले रामल भनि भन्याका मात्र लैजान दियाको छ. विच अन्न नामा केहि जान पायाको छैन. घुर्माको मानिस ४।५ जनाले वाटो हेरि त्यां थलि का वाटो हेरि जनहि ३।४ पाथिको भारि. गरि लग्याछन् भन्या समाचार आउंदा ति मानिसहरूलाई कायेल नामा लेषाई. मानिस समेत लाउनु भनि पठायाको छ. ५।६ रुपिया डाडौकि भनि सोधां पठायार हुन्दैन भनि पठायाको छ.वाहा पनि वुझन लायाको लग्याको थाहा हुनी वित्तिकै विति चह्राइ पठाउला. हुलाकको अडामा गुरु झिकि वाहुनहरूलाई रापन्या काम मर्जि वमोजिम गर्न्या छु. रसदका अर्थलाई. षरिद भै सक्याको ४।५ हजारको भयां हो. नुन् ५।६ हजारको षरिद भैसकियो लिस्तिमा १५ माना षरिद भयो. पैंया. वाह्रविस्या. १४।। मानाका दरले षरिद गऱ्यौ अव कति चाहिन्या हो. मर्जि आया वमोजिम ताकिता गर्न्या छु. धेरै दिन्को वादा छैन २०।२५ दिनको वादा छ रसद वावत् १६।१७ हजार. भाइ जगनाथसिका जिम्मा गरिवक्सनु. भया. आहावाट सिपाहि पठाइ वोकन्या भरिया पठाइ दिदा हुं ११ साल मिति कार्तिक सुदी १२ रोज ५ शुभम्—

कार्तिक सुदी १५ रोजका दिन कर्णेल डिल्लि-सिंह वस्न्यात् षजांचि सिद्धिमान सिं राजभंडारी रसद षरिद गर्ना निमित्त मध्येस जिल्ला तर्फ रवाना भया—

तस्तै वखतमा श्री प्राइममिनिष्टरको दस्षत् भै मेजर कपतान् दलजित बिष्टलाई गयाको. आगे नुवाकोट् तर्फ थर्पु बनाउन जान्या पगरि हुदा सिपाहिके यथोचित् उप्रांत श्री ५ सर्कारका काजको. रसद निमित्त साहु धर्म नारान्ले नुवाकोट सेराका अडै लक्ष्मीनारान्. जित्मान मार्फत झिकायाका मसिना चावल धानको भारि बोकन्या कुमालहरूलाई तिमिहरूले टंटा गर्‍या छौ र भारि अडकन गयो तसअर्थ अघि पनी. तिनि कुमालहरू श्री ५ सर्कारका रोजीन्दा. मा दरियाका हुनाले. अरु टंटा लाग्याको छैन. तेस्मा अैले. निज साहु धर्मनारां मार्फत रसदका कामलाई लियाको छ. ति कुमालहरूलाई तिमीहरूले ताहा टंटा नगर. रसदका काममा लाउन देउ. ११ साल मार्ग वदि ३ रोज ३ शुभम् ।—

गोर्षा सर्कारबाट ल्हासाका टुंगारिन् अम्बालाई लेषि गयाको. श्री चिन बादसाहका मुलुकमा सिपाहि जमा गर्दा १०० लाष भंदा बढता हुन्. न सस्त्र अस्त्र भयाका भारादार १००० मा बढता छन्. भनि लेषनु भयाका अर्थ श्री इश्वरको जस्तो पराक्रम भयाको. श्री चिन बादसाहको बडो दर्बार हो. आफुहरूबाट लेषनु भयाको हामीलाई प्रतीत छ बादसाहका हकलाई अघी-देषि सुष पेटले. यकत्व भै. मानि आयाका छौ. अब उप्रांत पनी मान्यै छौ. सिवानाका राजासंग मिलिजुली रहनु भनि लेष्याका कुरालाई ज्यू मान्यौं थितिमा लेष्याका कुरा उल्टी मनपरि गर्न्यौंसित कस्ता रितसंग मिलिजुली. रहनु. भोटले हामिमाथी. अर्घ्यौली गर्‍याका कुरा कार्तिक सुदी ८ रोज १ का दिन लेषि गयाका पत्रले. सबै विस्तार बुझियेला. श्री चिन बादसाहका हकमा हुकुम मानी धन ज्यू दिन तयार छौ. सिवानाका. भोट मुलुकले. अर्घ्यौलि गर्‍याको. ता. सहन सक्न्या छैन. आफुहरूबाट गोर्षा भोट दुवै. बरोबर देषनु पर्छ. यो चिठि भंदा अघी लेषिगयाको पत्रको उत्तरा लेषि आयापछि भोटसंग चित्त बुझ्याको सबै लेषि पठाउन्या काम गरौला १९११ साल मिति मार्ग वदि ५ रोज ५ शुभम्—

तस्तै वखतमा पुराना ताक लाखारबाट ताम्से जमादारलाई लेख्याको चिठिको तर्जुमा उप्रान्त अघि. तिमिले लेख्याको चिठि.मा जेष्ट मैन्हामा. थिति बन्दोबस्त . दोसाधमा गरौला जमादारलाई नुन् अलीक चाहिंको. नुन् पठाई देउ रुपिया पठाउला भनि लेषनु भयाको. येस् पटक हामि ढेवाले नन् पाथि ६ मुरि हुलाकमा पठायाको छ. आई पुग्ला. रुपिया पनि पठाई देउ आफु जमादारबाट मेहेर मानगी. ताहा तरफका बेपारी सबै पठाइ देउ बाहाको बेपारी पनि पठाउला बेपारमा जानु पायेन. भन्या दुई तर्फका प्रजा सबै. बराबर हुन्छ. बन्दोबस्त पछी गरौला. राजाका दैदस्तुर अघीका रित बमोजीम लिनुदीनु गरुंला. सरासर देउ भनी उर्दी दीनु होला. ११ साल मार्ग बदी ५ रोज ५ शुभम्—

श्री प्राइममिनिष्टरका हजुरमा कीर्तिबहादुरले चह्राई पठायाको. उप्रान्त. माहाकालीको. मुल कालापानी. भन्याको जगामा. हाम्रा श्री ५ सर्कारको र अंग्रेजको. भोटचाको सिवाना रहेछ. कालापानी देखी ४।५ कोसमा भोटचाको. कोट् भन्या जग्गा छ निज कट्गाउमा १ हजार बर बस्ती छ. येस जग्गामा भोटचाको. १ ढेवा बस्याको छ कोटको अंबल १५।२० दिन हिड्न्या जग्गा छ येस अम्बलमा नुन्षानी स्वागषानी पनि छन् ५०।६० हजार उठति हुन्या अबादी जगा रहेछ. दुनिया पनि ढेरै दौलत भयाका छन्. भनि आहाको कोट्. सम्म जान्या मानिस-हरूले भंछन्. सेवानाका भोटचा पनि. हामितर्फ हुन्याछन्. कोटको जगा लीनालाई ४।५ सय नालबन्दि. सिपाहि भयाको नालबन्दि पल्टन भया लीन सहज सक्न्याछन् यो बखत्मा. हामीले देष्यासुन्याको कुरा जाहेर गर्न पर्छ भनि थिति चह्राई पठायाको हो ११ साल मार्ग बदि रोज ६ मुकाम बैतडिगढि शुभम्—

क्रमशः

ऐतिहासिक पत्रस्तम्भ

श्री ५ बाबुज्यु

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारा-
यणेत्यादि विविध विरुदावलि विराज मानोन्नत श्रीमत्म-
हाराजाधिराज श्री श्री श्री महाराजे .. षाण युद्ध विक्रम
साहा बहादुर संमसेर जंग देवनां सदा समर विजितम्-

आगे हे भिहित राइ के तेरा बाबु बराजु देषि
षाइ विहोरि आयाको किपटजिमिन संलुप्पा तस्को सांध
सुवेलु ढुङ्गो देषि पुर्व लाया रुवा देखि पश्चिम नेरुवा
षोलादेषि उत्तर षोरिहाङमादेषि दषिन नंम्लुक बाहेक
ई चार किल्ला भित्रका जिमिन सुषिको राजाले फागु-
देषि फोरि तँलाइ नगारा स्मेत भित्रा पारि सुवाँगि
गरि दियाको रहेछ हाम्रा प्रतापले मिच्या पछि – १
वाट पनि मोहोर गरि भित्रा सुवांगि थामि वक्सनु
भयाको रहेछ आज हामीले पनि फागुको आलाक
गरि सुषियले दिया बमोजिम सुवागि चारकिल्ला-
भित्र जिमिन थामि वक्स्यौं आफा भाइ विरदार
बावलिरिति तारि सुवाँगि भोग गर इति सम्वत
१८६९ साल वैषाख सुदि ५ रोज शुभम् – –

सेन मकवानी राजा सावा राजाले मिची आउंदा
आफूङ्गी भोग मेटन नसकी कायेदि २८२८ साल तक
भोगमा वस्दा १४ मनु भित्रका कश्येपको यति १४ मनु
रावी भित्रको रिषिपुत्र बाहुन भन्या जात वर्मचारीहरूले
हाम्रा मुलुकमा भिक्षा मागि खान पहिला पठाउनु
भो र तिनीहरूले गरेकोमा परवाह गरी जै गर्नु
आउने बाहुन देवता हुन् पाउ लागि देव पनी
भुल्याइ पाउ समाउदा पाउमा राहु बसेकोले सो
राहुले हाम्रा प्रताप आदि शक्ति हरण भई १८२८
सालमा माझ किरावभार १८३० सालमा पल्लो किरात
श्री ५ माहाराजले कवजा लिइ वक्सनु भो १० लिम्बुको
नाउँमा १८३१ सालमा राजधानी कान्तिपुरबाट
तसल्ली मोहर भएको र सो मोहर पाउनेहरूको पालासंम
सदर थियो सो भोहोरमा जिमि भूमि रहन्जेल तिम्रा
शाखा सन्तानतक भोग्य गर खोसे मासे हामीले पूजि
ल्याएको देव देवताले मेरो राजकाज नाशोस् भन्या
तसल्ली मोहर पाउन्याहरूको पाला संम सदर थियो
थापा खालको कूटनीतिबाट १८६० सालमा साउने
फागु तिरो बोकाएको १८८४ सालमा शुमाङ्गी फुटी
भएको १८९० सालमा जिल्ला बिजिल्ला थुम छुट्या-
एको १९१० सालमा धुरी पूर्जी लेखेको रैकर भएको
१९१८ सालमा लिम्बुको खाएन पायेन सोधेको र
१९२५ सालमा साढेपाच साढे ६ साढे ७ तिरो
बोकाएको १९३७ सालमा पाँच खत मुद्दा बाहेक
अशुछ देउ अमाल दिएको हो १९४२ सालमा ६०।३०
खेत र रु ५ सलामी लिनु भएको हो. १९४५ सालमा
कंपनी खेत नापी लिएको यसै किसिमबाट १९३१
सालको हाम्रो अचल मोहर पटक पटक मासिदै गएको
१९६० सालमा अपिल सुन्ने भै आस्मानी दंड पर्चा
खाना पायौं न १८३५ सालमा सरकारको काम र
जंगी काममा खटिनु लालमोहरले पायेको १८४५ साले
देषि लिम्बु आफ्ना कागज आफ्ना अक्षर पाउन नपा-
एको हो अपुगी बिर्ता मोहरको प्रमाणले हाम्रा मुद्दा
पर्दा आगोथलो पानी थलो हामीले पाएको जितापत्र
पनि छ–

स्वस्ति श्री क. म. वी. र केदार पाडे कस्य पत्रम्

आगे तोको बस्न्या जैरूपसि हामी कपा राइके जथो चित उप्रान्त मे. . .सि ध्यानी जाहितिमाला दुवराली दिया मेरो दस्करा दय .. ... वेजुवानी पाविमा याहाँ कराउन आइ तसर्थ वेहोरा येही ... की की सिक्ष्या वी वरालो दिन पाइदैन येसले षान्या दस्तुर भरि अरू वेहोरा छ भन्या एसै सित जोरि यहां पुर्पक्ष गरि दिउला इति संवत् १८८६ साल मार्ग शुदि ६ रोज ४ शुभम् –

स्वस्ति श्री शर्व जांचकस्य छोयाको रिंजि छव्म्तुके पुर्जी उत्तर ४ गाउँको लामा भै असिना थाम्नु दश लामा सरह खानु दश लामाले तिन्या वमोजि तिर्न भनि पुर्जि गरि दियौ इति संवत् १९०५ मिति चैत्र शुदी ३ रोज शुभम्-

ABOUT THE AUTHORS

V. M. Masson	– Academy of Science of the USSR, Institute of Archaeology, Leningrad Section, U. S. S. R.
V. I. Raspopova	– Academy of Science of the USSR, Institute of Archaeology, Leningrad Section, U. S. S. R.
Mrs. Sarala Manandhar	– Antiquity-cum-Pottery Officer, Dept. of Archaeology, H.M.G., Nepal.
Mr. Corneille Jest	– Anthropologist and UNESCO Consultant.
Mr. Gyan Mani Nepal	– Research Scholar, Nepal.
Mr. Shyam Sundar Rajvansi	– Assistant Epigraphist, Dept. of Archaeology, H.M.G., Nepal
Mr. Bharat Raj Rawat	– Assistant Lecturer, Bhojpur Multiple Campus, T. U., Nepal.

CENTER FOR RESEARCH LIBRARIES
3 1949 00891 6067

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.